# अपाङ्गता भएका व्यक्तिको वर्गीकरणका आधार र राज्यमा पहुँचको स्थिति सम्बन्धी अध्ययन प्रतिवेदन




राष्ट्रिय समावेशी आयोग

पुल्चोक, ललितपुर

# विषय सूची

अध्याय-एक ........ १

परिचय ........ १

१.१ अध्ययनको पृष्ठभूमि ........ १

१.२ कार्यदिशः ........ २

१.३ अध्ययनको उद्देश्यः ........ २

१.४ अध्ययनको सान्दर्भिकताः ........ २

अध्याय-दुई ........ ९

अध्ययनको विधि ........ ९

२.१ गुणात्मक विधि ........ ९

२.२ अध्ययनको क्षेत्र ........ ९

२.३ तथ्य तथा सूचनाका स्रोत ........ ९

२.४ सूचना संकलन विधि ........ ९

२.५ नमुना छनोट ........ १०

२.६ प्रतिवेदनको ढाँचाः ........ १२

२.७ अध्ययनको सीमाः ........ १२

अध्याय-तीन ........ १३

अपाङ्गता भएका व्यक्तिहरुको हकमा अन्तर्राष्ट्रिय कानून, संवैधानिक र कानूनी व्यवस्था र राज्य प्रदत्त सेवा सुविधाहरू ........ १३

३.१ अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी महासन्धि- २००६ ........ १३

३.२ नेपालको संविधानमा भएका केही मुख्य मुख्य व्यवस्थाहरू ........ १३

अपाङ्गता भएका व्यक्तिको राजनीतिक प्रतिनिधित्व सम्वन्धी संवैधानिक व्यवस्था ........ १४

३.३ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७४ मा भएका व्यवस्थाहरू ........ १५

३.५ स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेख गरिएका व्यवस्थाहरू ........ १८

३.६ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी नियमावली, २०७७ ........ १८

३.७ अपाङ्गतामैत्री सञ्चार निर्देशिका, २०७३ ........ १९

३.८ सोह्रौं योजना (२०८१/२०८२-२०८५/८६) मा भएका व्यस्थाहरू ........ २०

३.९ विद्यमान कानून अनुसार अपाङ्गता भएका व्यक्तिहरुको लागि राज्य प्रदत्त सेवा सुविधा तथा असल अभ्यासहरू ........ २१

३.१० स्थानीय तहबाट प्रदान गरिएका थप सेवा सुविधाहरू ........ २२

अध्याय-चार ........ २४

सूचनाको प्रस्तुति तथा विश्लेषण ........ २४

४.२ विद्यमान अपाङ्गता पहिचान तथा वर्गीकरण सम्वन्धी मापदण्डको अवस्था ........ २७

४.३ अपाङ्गता भएका व्यक्तिहरुको नीति निर्माण प्रकृयामा नेतृत्व र सहभागिताको अवस्थासँग ........ २९

४.४ सुझावहरू तथा निश्कर्ष ........ ३१

अध्ययन गरिएका सन्दर्भ सामाग्रीहरु ........ ४१

नेपाल सरकार,) २०७२(, नेपालको संविधान २०७२, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानून किताब ब्यवस्था समिति, सिंहदरबार, काठमाडौं। ........ ४१

नेपाल सरकार, )२०७४(, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४, सिंहदरबार, काठमाडौं। ........ ४१

नेपाल सरकार,) २०७७(, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७, सिंहदरबार, काठमाडौं। ........ ४१

नेपाल सरकार,) २०६५(, अपाङ्गता परिचयपत्र वितरण कार्यविधि, सिंहदरबार, काठमाडौं। ........ ४१

तथ्यांक विभाग,) २०७८(, राष्ट्रिय जनगणना २०७२, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबार, काठमाडौं। ........ ४१

श्री ५ को सरकार,) २०३९(, अपाङ्गता संरक्षण र कल्याण ऐन, २०३९, सिंहदरबार, काठमाडौं। ........ ४१

संयुक्त राष्ट्र संघ,) २००६(, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि) **CRPD-2006**), आर्थिक तथा सामाजिक मामिला विभाग। ........ ४१

# अध्याय-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

राष्ट्रिय समावेशी आयोग, लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ को भाग २७ को धारा २५८ अनुसार गठन भएको संवैधानिक निकाय हो। आयोगको काम, कर्तव्य र अधिकार संविधानको धारा २५९ ले स्पष्ट तोकिदिएको छ। सो अनुसार आयोगको मुख्य काम, कर्तव्य र अधिकारहरूमा खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षणका लागि अध्ययन अनुसन्धान गर्ने, तोकिएका समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि नेपाल सरकारले अवलम्बन गरेको नीति तथा कानूनको कार्यान्वयनको अवस्थाको अध्ययन गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने, राज्य संयन्त्रमा उचित प्रतिनिधित्व भए नभएको अध्ययन गरी त्यस्तो समुदाय, वर्ग र क्षेत्रको प्रतिनिधित्वको लागि गरिएको विशेष व्यवस्थाको पुनरावलोकन गर्न नेपाल सरकारलाई सुझाव दिने लगायत रहेका छन्।

अपाङ्गता भएका व्यक्तिका हक अधिकारमा समावेशी आयोगको संवैधानिक दायित्व र जिम्मेवारीहरूलाई विश्लेषण गर्दा अपाङ्गता भएका व्यक्तिको सवालमा निरन्तर अध्ययन अनुसन्धान गर्ने, राज्यले मानव अधिकारको अन्तर्राष्ट्रिय प्रतिवद्धता, नेपालको संविधान र अन्य कानून अनुसार राज्यले निर्वाह गर्नुपर्ने भूमिका पुरा गरे नगरेको, अपाङ्गता भएका नागरिकलाई सरकारले उपलव्ध गराएको सेवा सुविधा प्रभावकारी भए नभएको सम्बन्धमा अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नु लगायतका कार्यहरू मुख्य जिम्मेवारीमा पर्छन्।

[१]**"नेपाल सरकारले अपाङ्गता भएका नागरिकलाई स्वावलम्बी र आत्मनिर्भर बनाउन विभिन्न नीति, कानून र कार्यक्रमहरु कार्यान्वयन गर्दै आएको भनिए तापनि बहुसङ्ख्यक अपाङ्गता भएका व्यक्तिहरूले न्यूनतम आधारभूत सेवा सुविधा पाउने, सामाजिक तथा सांस्कृतिक गतिविधिमा सहभागी हुन पाउने लगायतका कयौं महत्वपूर्ण अधिकारहरूबाट वञ्चित भएको गुनासो निरन्तर आइरहेको छ"।** सरकारले आफ्ना सबै नागरिकको लागि बिना भेदभाव समान आधारमा र अपाङ्गता भएका नागरिकलाई अपाङ्गताको प्रकार, अपाङ्गताको गाम्भिर्यताको अवस्था, जात, जाति, लिङ्ग, भूगोल, आर्थिक, सामाजिक, सांस्कृतिक, उनीहरुको हैसियत सहितको कठिनाईको अवस्था र आवश्यकताको आधारमा अधिकारको बाँडफाड गरी राज्य प्रदत्त सेवा सुविधा र अधिकार प्राप्त गर्ने सहज वातावरणको सुनिश्चित गर्ने र अधिकार प्राप्त गरे नगरेको सुनिश्चित गर्ने दायित्व राज्यको हो। राज्य

[१] राष्ट्रिय समावेशी आयोग आयोगका पदाधिकारीबाट जानकारी प्राप्त सूचना ।

यस किसिमको दायित्वप्रति उत्तरदायी र जवाफदेही छ छैन भन्ने बारेमा सत्य तथ्य पहिचान गरी राज्यलाई आफ्नो दायित्वप्रति सजक बनाउने प्रमुख दायित्व समावेशी आयोगको हो।

आयोगले आफ्नो दायित्वलाई पुरा गर्ने क्रममा आर्थिक वर्ष २०८०/२०८१ मा अपाङ्गता भएका व्यक्तिहरूको कानूनी व्यवस्थाहरूको बारेमा विस्तृत अध्ययन गरी सुझाव सङ्कलन गरेको थियो। चालु आर्थिक वर्ष २०८१/२०८२ मा अपाङ्गताको **पहिचान वर्गीकरणका आधारमा सेवा सुविधा प्राप्तिको** पहुँचको अवस्था के छ ? भन्ने सम्बन्धमा विस्तृत अध्ययन गरी वास्तविक अवस्थाको बारेमा जानकारी लिई सरकारलाई सुझाव दिने प्रमुख ध्येय राखी यो अध्ययन गरिएको हो ।

## १.२ कार्यदिशः

नेपालको संविधान, २०७२ को भाग २७ को धारा २५८ र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ बमोजिम यस किसिमका अध्ययन अनुसन्धान गरी सार्वजनिक गर्ने, सम्बन्धित निकायको ध्यानाकर्षण गराउने संवैधानिक र कानूनी दायित्वसहितको कार्यदिश यस आयोगलाई छ ।

## १.३ अध्ययनको उद्देश्यः

यस अध्ययनको मुख्य उद्देश्य निम्न अनुसार रहेका छन् ।

- अपाङ्गता भएका व्यक्तिको व्यवहारिक रूपमा वर्गीकरणका आधार तयार गर्नु।
- समावेशी सिद्धान्तको अवधारणा बमोजिम अपाङ्गता भएका व्यक्तिको राजनीतिक प्रतिनिधित्वको विश्लेषण गर्नु।
- माथि उल्लिखित विषयमा भविष्यमा गर्नुपर्ने कार्यको लागि व्यवहारिक र कार्यान्वयनयोग्य सुझाव उपलब्ध गराउनु।

## १.४ अध्ययनको सान्दर्भिकताः

**अपाङ्गताको अवधारणागत बुझाई र यसको प्रभावः-** समाजमा अपाङ्गता भएका व्यक्ति भन्ने बित्तिकै उनीहरु उत्पादनशील हुन सक्दैनन्, परिवार र राज्यको बोझको रुपमा हुन्छन् भन्ने मान्यता राख्ने मात्रै होईन कि एउटा समाधान नै छैन भने जसरी जवरजस्त भाष्य नै बनाईएको छ। समाजमा यस्तो भाष्य किन निर्माण गरिन्छ? यस्तो अवस्था किन आयो? समाजमा अपाङ्गता भएका व्यक्तिहरुलाई सधै दोश्रो दर्जाको नागरिकको रुपमा किन हेरियो भन्ने कुराको पछाडि लामो पृष्ठभूमि रहेको छ। यसलाई समाजमा अभ्यास गर्दै आएका अवधारणा के के थिए र ती अवधारणाका आधारमा हामीले के गर्दै आयौं भन्ने कुरालाई सूक्ष्म रुपमा विश्लेषण गरी हेर्नुपर्दछ। यो विषयलाई बुझ्न हामीले अपाङ्गताको मोडेलसहितको विकास क्रमलाई राम्रोसँग नकेलाई बुझ्न सकिदैन ।

[२]समाजमा अपाङ्गता वा अपाङ्गता भएका ब्यक्तिलाई बुझ्ने वा व्याख्या गर्ने मुख्य गरी दयामुखी तथा कल्याणकारी मोडेल, चिकित्सकीय मोडेल र सामाजिक तथा अधिकारमुखी मोडेल तीनवटा

[२] https://participation.cbm.org/why/disability-participation/models-of-disability

दृष्टिकोणहरू मानव सभ्यता र समाज विकास सँग सँगै क्रमशः विकास हुँदै आएका हुन्। **कल्याणकारी तथा दयामुखी मोडेलले** अपाङ्गता भएका व्यक्तिलाई दुःखी, केही गर्न नसक्ने र दयाको पात्रको रूपमा हेरी अपाङ्गतालाई भाग्य वा कर्मको खेलको रूपमा व्याख्या गर्छ। यस अवधारणाले अपाङ्गता भएका व्यक्तिलाई दया र सेवा गर्नुपर्छ, लाउन खान दिनुपर्छ, दान र मद्दत गर्नुपर्छ ,उनीहरूलाई छुट्टै ठाउँमा वा घरभित्रै राखेर सेवा गर्नुपर्छ, यस्ता व्यक्तिहरूलाई सेवा गरी सामाजिक ख्याती र पुण्य कमाउनुपर्छ भन्नेमा विश्वास गर्छ ।

**चिकित्सकीय मोडेल**ले अपाङ्गतालाई शारीरिक वा मानसिक रूपमा असामान्य अवस्था, कमजोरी, असक्तता वा विरामीको रूपमा व्याख्या गर्छ। यसले अपाङ्गतालाई शारीरिक वा मानसिक अवस्थाको दृष्टिकोणबाट मात्र व्याख्या गर्छ तर यसमा सामाजिक पक्षहरूलाई समेट्दैन। यस अवधारणाले अपाङ्गतालाई व्यक्तिगत समस्याको रूपमा व्याख्या गर्छ र उपचार मात्र यसको मुख्य समाधान हो भन्ठान्छ। यसले पनि अपाङ्गता भएका व्यक्तिलाई छुट्टै आवासीय सुविधामा राखेर विभिन्न सेवाहरू दिनुपर्छ भन्ने मान्यता राख्छ।

**सामाजिक तथा अधिकारमुखी मोडेल**ले अपाङ्गतालाई शारीरिक वा मानसिक अवस्थाको आधारमा गरिने भेदभावहरूसँग जोडेर परिभाषित गर्छ। यसले अपाङ्गताका सामाजिक पक्षहरूलाई पनि समेट्छ। यस अनुसार व्यक्ति कुनै काम गर्न नसक्ने ,कमजोर वा सिमान्तकृत शारीरिक ,मानसिक वा इन्द्रीय सम्बन्धी अवस्थाको कारण नभएर उसलाई उसको शारीरिक वा मानसिक अवस्थाको कारणले समाजले गर्ने भेदभाव ,असमान व्यवहार र विभिन्न वातावरणीय अवरोधका कारणले हुन्छ भन्ने मान्यता राख्छ। यस अवधारणाले भेदभावको र वातावरणीय अवरोधहरूको अन्त्य भई अवरोध मुक्त वातावरणमा अपाङ्गता भएका व्यक्तिहरु समाजमा रहनु पर्ने र यो अवस्था समाजले नै सृजना गरेको भन्ने कुरामा जोड दिन्छ। विशेषगरी यो मोडेलले समाजमा भएको विभेदकारी संरचनाहरू जस्तैः- भौतिक, सञ्चार, धारणागत र संस्थागत अवरोधमा परिवर्तन गरी अपाङ्गता भएका व्यक्तिलाई समाजमा सक्षम र आत्मनिर्भर बनाउन सम्भव छ भन्ने विषयमा जोड दिन्छ।

पछिल्लो समय व्यवहारिक रुपमा बढी नै अभ्यास हुँदै आएको **अधिकारमुखी मोडेलले** अपाङ्गताको सवाल एक नविनतम अपाङ्गता र विकासको सवाल हो यसलाई मानव अधिकारका दृष्टिकोणबाट हेर्नुपर्दछ भन्ने गरेको छ। यस मोडेलले "अपाङ्गता भएका व्यक्तिहरू पनि मानव हुन् र उनीहरूलाई कुनै पनि आधारमा मानवअधिकारबाट बञ्चित गर्नु वा यसको उपयोगमा विभेद गर्नु प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुनेछ" भन्ने मान्यता राख्छ। अपाङ्गता भएका व्यक्तिको अन्य नागरिक सरह अधिकार प्राप्ति र प्रयोग गर्नुका साथै अधिकार र छनौटको हक हुनेछ भन्ने कुरामा जोड दिन्छ र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी (CRPD) २००६ को मुल मर्म पनि यही हो।

नेपालमा अपाङ्गता भएका व्यक्तिको अधिकार र पहुँचको क्षेत्रमा कानून नै निर्माण गरेर काम गर्न थालेको विक्रम संवत् २०३९ सालदेखि हो। इश्वी संवत् १९८१ लाई संयुक्त राष्ट्रसंघले विश्व

अपाङ्गता वर्ष मनाउने घोषणा गरी सन् १९८२ मा अपाङ्गता सम्बन्धी विश्व कार्ययोजना लागु गरेसँगै नेपालमा पनि अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ जारी गरी सरकारले औपचारिक रूपमा अपाङ्गताको सवाललाई संवोधन गर्ने प्रयास गरेको देखिन्छ ।

त्यसपछिको वर्षहरूमा क्रमशः नेपाल र विश्वमा नै अपाङ्गतालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको देखिन्छ। संयुक्त राष्ट्रसंघले अपाङ्गता भएका व्यक्तिका सवालहरूलाई मानवअधिकारसँग जोडेर सन् १९९३ मा अपाङ्गता भएका व्यक्तिको अवसर समानीकरण सम्बन्धी अन्तराष्ट्रिय मापदण्डहरू निर्धारण गऱ्यो। यस नरम प्रकृतिको अन्तराष्ट्रिय कानूनको अभ्यासको सफलताबाट उत्साहित भइ सन् २००६ मा संयुक्त राष्ट्रसंघले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी छुट्टै महासन्धि पारित गरी उनीहरूको मानवअधिकारको पूर्ण प्रत्याभूति गऱ्यो। यस महासन्धिले अपाङ्गतालाई यसको सामाजिक अवधारणा (Social Model) मा आधारित भएर मानवअधिकारको दृष्टिकोणबाट परिभाषित गरेसँगै अपाङ्गताको सवाल मानवअधिकार र समावेशी विकाससँग प्रत्यक्ष रूपमा जोडिएको छ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (सिअरपिडी), २००६ पारित भई कार्यान्वयनमा आएपश्चात्, अपाङ्गताको सवाल मानव अधिकार र विकासको सवाल हो भन्ने भनाईलाई थप प्रस्ट पारेको।

नेपालले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी महासन्धि-२००६ लाई २००८ मा हस्ताक्षर गरी सन् २०१० मा संसदबाट अनुमोदन गरेको थियो। नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन पश्चात विक्रम संवत् २०७२ मा जारी भएको नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य नागरिक सरह समान हकका भागीदारको रूपमा स्पष्ट परिभाषित गरेको छ भने अपाङ्गताको आधारमा गरिने कुनैपनि प्रकारको भेदभावलाई निषेध गरेको छ। संविधानको धारा १६(१) ले हरेक व्यक्तिलाई सम्मानपूर्वक बाँच्ने अधिकार दिएको छ भने धारा १८(१) मा सबै नागरिकलाई समान कानूनी संरक्षण र समान अधिकार प्रदान गर्नुपर्ने कुरा उल्लेख गरिएको छ। त्यसैगरी धारा ४२ मा सामाजिक न्यायको हक अन्तर्गतको उपधारा ३ मा "अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादित र आत्मसम्मान पूर्वक जीवनयापन गर्न पाउने र सार्वजानिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ " भनि उल्लेख गरिएको छ। यसका अतिरिक्त, संविधानले शिक्षा, स्वास्थ्य सेवा, सामाजिक सुरक्षा रोजगार, स्वरोजगार र सार्वजनिक सेवाका क्षेत्रहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई समान अवसर र सुविधाहरू प्रदान गर्ने कुरा सुनिश्चित गरेको छ।

संविधानको मौलिक हक तथा अपाङ्गता भएका व्यक्तिहरूप्रति गरिएका अन्तर्राष्ट्रिय प्रतिवद्धता कार्यान्वयन गर्न विक्रम संवत् २०७४ सालमा अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४, अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ पनि जारी भई कार्यान्वयनको अवस्थामा रहेको छ ।

3अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी महासन्धि र नेपालको संविधान जारी भए पश्चात बनेको ऐनमा भने अपाङ्गताको परिभाषा र वर्गीकरण पुरातनवादी र दयामा आधारित नै रहेको छ। हुन त अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी महासन्धिले अपाङ्गता भनेको यही नै हो भनेर किटान नै गरी यसको परिभाषा गरेको पाईदैन। 4"यसले अपाङ्गता एउटा नविनतम अवधारणा हो र अपाङ्गता भएका व्यक्तिहरु तथा धारणागत एवं वातावरणीय अवरोधहरु बिचको अन्तरक्रियाको परिणाम स्वरुप उत्पन्न हुन्छ, जसले अन्य व्यक्तिहरु सरह समान आधारमा समाजमा पूर्ण र प्रभावकारी ढङ्गबाट सहभागी हुन वाधा पुर्‍याउँदछ" भनेको छ। महासन्धिले अपाङ्गता भएका व्यक्ति भनेको के हो? कस्तो अवस्थाका व्यक्तिलाई अपाङ्गता भएका व्यक्ति भन्ने भनि "अपाङ्गता भएका व्यक्ति भन्नाले दीर्घकालीन अशक्तताद्वारा सृजित शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय कमजोरीहरू तथा तिनको विभिन्न अवरोधहरूसँगको अन्तरक्रियाको कारणले समाजमा अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगमा सहभागी हुन बाधा भएको व्यक्ति समेतलाई जनाउँदछ" भनेको छ।

महासन्धिको जस्तै तर मेडिकल अवधारणामा नै रहेर अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ ले [५]**"अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्वन्धी दीर्घकालिन अशक्तता, कार्यगत सिमितता (फङ्सनल इम्पेरमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगले समाजमा सहभागी हुन बाधा भएको व्यक्ति सम्झनु पर्दछ"** भनेको छ। लामो समय पश्चात बनेको ऐनले पनि अपाङ्गतालाई अधिकारमुखी अवधारणामा सम्वोधन गर्न नसकेको भन्ने सरोकारवालाको गुनासो रहेको छ। हुनत नेपालमा अपाङ्गता भएका व्यक्तिको अधिकार र पहुँचको क्षेत्रमा कानून नै निर्माण गरेर काम गर्न थालेको विक्रम सम्वत् २०३९ साल देखि हो। इश्वी संवत १९८१ लाई संयुक्त राष्ट्रसंघले विश्व अपाङ्गता वर्ष मनाउने घोषणा गरी सन् १९८२ मा अपाङ्गता सम्बन्धी विश्व कार्ययोजना लागू गरेसँगै नेपालमा पनि अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ जारी गरी सरकारले औपचारिक रूपमा अपाङ्गताको सवाललाई संबोधन गर्ने प्रयास गरेको देखिन्छ ।

त्यसपछिको वर्षहरूमा क्रमशः नेपाल र विश्वमा नै अपाङ्गतालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको देखिन्छ। संयुक्त राष्ट्रसंघले अपाङ्गता भएका व्यक्तिका सवालहरूलाई मानवअधिकारसँग जोडेर सन् १९९३ मा अपाङ्गता भएका व्यक्तिको अवसर समानीकरण सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरू निर्धारण गऱ्यो। यस नरम प्रकृतिको अन्तर्राष्ट्रिय कानूनको अभ्यासको सफलताबाट उत्साहित भइ सन् २००६ मा संयुक्त राष्ट्रसंघले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी छुट्टै महासन्धि पारित गरी उनीहरूको मानवअधिकारको पूर्ण प्रत्याभूति गऱ्यो। यस महासन्धिले अपाङ्गतालाई यसको सामाजिक अवधारणा (Social Model) मा आधारित भएर मानवअधिकारको दृष्टिकोणबाट

[३] अपाङंगता भएका व्यक्तिहरुसंग समहुगत छलफलमा ब्यक्त गरेका बिचार

[४] अपाङंगता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी महासन्धी २००६/प्रस्तावना अनुच्छेद पाँच

[5] अपाङंगता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी महासन्धी - २००६ (धारा १ )उद्देश्य/अनुच्छेद दुई

परिभाषित गरेसँगै अब अपाङ्गताको सवाल मानवअधिकार र समावेशी विकाससँग प्रत्यक्ष रूपमा जोडिएको छ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी (सिअरपिडी), २००६ पारित भई कार्यान्वयनमा आएपश्चात् अपाङ्गता सामान्य सामाजिक सवाल भएर मानव अधिकार र विकासको सवाल बन्न पुगेको छ। नेपालले सन् २००८ मा यस महासन्धिमा हस्ताक्षर गरेको थियो भने २०१० मा संसदबाट अनुमोदन गरेको थियो। नेपालमा गणतन्त्रको कार्यान्वयन पश्चात विक्रम संवत् २०७२ मा जारी भएको नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य नागरिक सरह समान हकका भागीदारको रूपमा स्पष्ट परिभाषित गरी अपाङ्गताको आधारमा गरिने कुनैपनि प्रकारको भेदभावलाई निषेध गरेको छ। संविधानको धारा १६ (१) ले हरेक व्यक्तिलाई सम्मानपूर्वक बाँच्ने अधिकार दिएको छ भने धारा १८ (१) मा सबै नागरिकलाई समान कानूनी संरक्षण र समान अधिकार प्रदान गर्नुपर्ने कुरा उल्लेख गरिएको छ। त्यसैगरी, धारा ४२ मा सामाजिक न्यायको हक अन्तर्गतको उपधारा ३ मा "अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादित र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजानिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ" भनि उल्लेख गरिएको छ। यसका अतिरिक्त, संविधानले शिक्षा, स्वास्थ्य सेवा, सामाजिक सुरक्षा रोजगार, स्वरोजगार र सार्वजनिक सेवाका क्षेत्रहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई समान अवसर र सुविधाहरू प्रदान गर्ने कुरा सुनिश्चित गरेको छ।

अपाङ्गताको अवस्था र तथ्याङ्कलाई हेर्दा नेपालमा सबैको एक मत पाउन सकिदैन। पछिल्लो समय राष्ट्रिय जनगणना २०७८ ले जनाए अनुसार नेपालको कुल जनसंख्याको २.२ प्रतिशत अर्थात ६,४७,७४४ जना कुनै न कुनै प्रकारको अपाङ्गताबाट प्रभावित रहेका छन्। यसलाई लिङ्गको आधारमा हेर्दा जम्मा पुरुष जनसङ्ख्याको २.५ प्रतिशतमा र महिला जनसङ्ख्याको २.० प्रतिशतमा अपाङ्गता रहेको छ। यसैगरी अपाङ्गता भएका व्यक्तिको कुल जनसंख्यामा पुरूष ५४.२ प्रतिशत छन् भने महिला ४८.८ प्रतिशत रहेका छन्। यस तथ्याङ्कको बरेमा सरोकारवालाहरुको धारणा बुझ्दा "अपाङ्गता भएका व्यक्तिहरुको जुन तथ्याङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयले जारी गरेको छ ती तथ्याङ्कका आधारमा उल्लेख गरिएका सेवा सुविधा, सहभागिता र पहुँचको अवस्था सन्तोषजनक नभएको साथै नेपालमा सरकारी तवरबाट उपलव्ध अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क केवल मेडिकल मोडेलबाट लिईएको हुँदा यो तथ्याङ्क वास्तविकरुपमा पूर्ण नभएको भनि यस क्षेत्रका सरोकार बताउँछन्। [6]बहुसङ्ख्यक अपाङ्गता भएका व्यक्तिहरूको पहिचानमा नै समस्या देखिएको छ। उनीहरूको सबैभन्दा पहिला त पहिचानमा नै समस्या भई अपाङ्गता परिचयपत्र प्राप्त गर्ने अवसरबाट नै बञ्चित भएको हुँदा राज्यबाट प्रदान गरिएका यस्ता सेवा सुविधा पाउनबाट बञ्चित अपाङ्गता भएका व्यक्तिको संख्या ठूलो छ। हामीले उपलव्ध तथ्याङ्कलाई हेर्ने हो भने पाँच वर्ष वा सो भन्दा माथिल्लो उमेरका अपाङ्गता भएका व्यक्तिहरु कुल ६२१४२३ जना मध्ये ३११६३० जना पढ्न र लेख्न दुवै जान्ने देखिएको छ। यस अनुसार अपाङ्गता भएका व्यक्तिको समग्र साक्षरता

[६] राष्ट्रिय जनगणना २०७८ अपाङ्गता सम्वन्धी प्रतिवदेन/ राष्ट्रिय तथ्याङ्क कार्यालय/प्रकाशन बर्ष २०८०/ पृष्ठ।८७,१०७

दर ५०.१ प्रतिशत रहेको छ। १० वर्ष वा सो भन्दा माथिका कुल अपाङ्गता भएका व्यक्ति आर्थिक रुपले ५४.२ सकृय छन् भने ४५.४५ प्रतिशत आर्थिक रुपले निष्कृय देखिन्छन्। यसको मुख्य कारण भनेको अपाङ्गता भएका व्यक्तिको वास्तविक पहिचान नहुनु, पहिचान भए पनि उनीहरूको अवस्था र अपाङ्गता अनुकूलको सेवा प्रणालीको विकास नहुनु, अपाङ्गता पहिचानको वैज्ञानिक मापदण्ड नभएको कारणबाट सरकारबाट प्रदत्त सेवा सुविधा र आरक्षणका व्यवस्था गैर अपाङ्गता भएका व्यक्तिले प्राप्त गर्ने गरेको लगायतका कारणहरूले गर्दा यस्तो अवस्थाको सृजना भएको हो भन्न सकिन्छ। राज्यबाट प्रदत्त सेवा सुविधा अपाङ्गताको अवस्था र अन्तरवर्गीयताका आधारमा समान रुपमा वितरण हुन नसकेको अवस्था रहेको छ।

राज्यबाट प्रदान गरिने सेवा सुविधाहरु अपाङ्गता भएका व्यक्तिले के कसरी प्राप्त गरेका छन् ? त्यसको अवस्था के छ, भन्ने विषयमा हालसम्म स्पष्ट तथ्य र तथ्याङ्क सार्वजनिक रुपमा उपलव्ध हुन सकेको छैन। 7"अपाङ्गता भएका व्यक्तिका लागि सार्वजनिक सरकारी सेवा आरक्षण व्यवस्था त्यसको प्रभावकारीता र अपाङ्गता भएका व्यक्तिहरुका लागि आरक्षित कोटाहरुको पदपुर्ति कसरी भएका छन्, खासगरी वौद्धिक/मनोसामाजिक अपाङ्गता भएका आदिवासी पृष्ठभूमिका समेत व्यक्तिहरुका सम्वन्धमा पर्याप्त जानकारीको अभाव रहेको। सार्वजनिक सेवा सहभागिता र अपाङ्गताको पहिचानमा स्पष्ट रुपमा सरकारको ध्यान जान नसकेको अवस्था रहेको छ"।

यस किसिमको अवस्थाले वास्तविक अपाङ्गता भएका व्यक्ति सेवा सुविधा प्राप्त गर्नबाट वञ्चित भएको र अन्य सामान्य वा गैर अपाङ्गता भएका व्यक्ति बढी लाभान्वित भएको देखिन्छ। 8"राष्ट्रिय समावेशी आयोगले आरक्षण कोटाको व्यापक दुरूपयोग भएको भन्दै मन्त्री, सांसद तथा सहसचिवभन्दा माथिल्लो तहका कर्मचारीका सन्ततिलाई आरक्षण सुविधा नदिन सरकारलाई सिफारिस गरेको छ। आरक्षण कोटामा धनी, माथिल्लो वर्ग र सहरमा बस्ने समुदाय मात्र हाबी भएको भन्दै सरकारको ध्यानाकर्षण गराइएको हो" भन्ने विषयमा विभिन्न सञ्चार माध्यममा उल्लेख गरेको छ। एक नागरिक भएर पनि अनागरिक हुनुपर्ने, राज्यले प्रदान गरेका सेवा सुविधा वास्तविक अपाङ्गता भएका व्यक्तिले प्राप्त नगरी अन्य गैर अपाङ्गता भएका व्यक्तिले प्राप्त गरेको हेरी बस्नु पर्ने। संविधान, ऐन कानूनमा प्रष्ट व्यवस्था हुँदा हुँदै पनि सहभागिताबाट बञ्चित हुनुपर्ने लोक कल्याणकारी राज्यको लागि कदापि शोभनीय हुँदैन। यो कार्य नागरिक र मानव अधिकार विरुद्धको कार्य हुन्छ।

यस किसिमको अवस्थालई परिवर्तन गर्न र राज्यलाई थप जिम्मेवार बनाउन तथ्यगत रुपमा आयोग स्वयंले अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता,

---

[७]The Committee on the Rights of Persons with Disabilities. (2018, March 1). *Review of Nepal's initial report on the implementation of the Convention on the Rights of Persons with Disabilities*. Nepali Translation: National Mental Health Self-Help Organization. Retrieved from http://www.koshishnepal.org/page5

[८] Nagarik News. *आरक्षण कोटामा दुरुपयोग: १० वर्षमा हुनुपर्ने पुनरवलोकन १७ वर्षसम्म पनि भएन*. Retrieved from https://nagariknews.nagariknetwork.com/social-affairs/1443542-1722211017.html/ प्रकाशित: १४ श्रावण २०८१ ०५:४१ सोमबार

संविधान र विद्यमान कानूनका आधारमा अपाङ्गता भएका व्यक्तिको वर्गीकरणका आधार र राज्यमा पहुँचको स्थिति सम्बन्धी अध्ययन गरी राज्यलाई सुझाव दिने उद्देश्यले गर्न लागिएको यस **"अपाङ्गता भएका व्यक्तिको वर्गीकरणका आधार र राज्यमा पहुँचको स्थिति सम्बन्धी अध्ययन"** का विषयमा गरेको अध्ययन सान्दर्भिक रहेको छ।

# अध्याय-दुई

# अध्ययनको विधि

## २.१ गुणात्मक विधि

यो अध्ययन गुणात्मक विधिबाट गरिएको छ र यसमा पूर्व प्रकाशित सन्दर्भ सामाग्रीको अध्ययन र व्यक्ति तथा समुहका अनुभव, विचार र भोगाईहरूलाई समावेश गरिएको छ। यस अध्ययनमा तथ्य तथा सूचना प्राथमिक र द्वितीय दुवै स्रोतबाट संकलन गरिएका छन्। प्राथमिक स्रोतमा पूर्व साहित्य तथा सन्दर्भ सामग्रीको अध्ययन गरिएको छ। द्वितीय स्रोतमा घटना अध्ययन, समूहगत छलफल, मुख्य सूचनादातासँग अन्तरवार्ता गरिएको छ। छलफल र अन्तर्वार्ताका लागि छनौट गरिएका सहभागी र उत्तरदाताको छनौट उद्देश्यमूलक छनौट विधिका आधारमा लिईएको हो। जस अनुसार प्रत्येक प्रदेशमा एक/एक वटा समूहगत छलफल गरिएको थियो भने काठमाडौंमा रहेका अपाङ्गताको क्षेत्रमा काम गरिरहेका अधिकारकर्मीहरु, त्यसमा काम गरिरहेका नीति निर्माताहरु र संस्था संचालकहरूसँग अन्तरवार्ता गरिएको थियो। अन्तरवार्ता र छलफलबाट आएका निष्कर्षलाई विषयवस्तुको मूलमर्मलाई मध्यनजर गर्दै फरक फरक उपशीर्षक बनाइ निष्कर्ष खण्डमा राखिएको छ। त्यसको आधारमा सुझाव पनि समावेश गरिएको छ ।

## २.२ अध्ययनको क्षेत्र

यो अध्ययनको सूचना संकलन भौगोलिक रुपमा नेपालका सातै प्रदेशमा (कोशी प्रदेश, मधेश प्रदेश, कर्णाली प्रदेश र सदुर पश्चिम प्रदेशमा भर्चुअल र फोनको माध्यमबाट) गरिएको थियो । त्यसैगरी सहभागिताको आधारमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई समावेश गराई सहभागितामूलक बनाउने प्रयास गरिएको छ ।

## २.३ तथ्य तथा सूचनाका स्रोत

तथ्य तथा सूचना संकलनका लागि प्राथमिक र द्वितीय दुवै स्रोतबाट सूचना तथा तथ्यहरु संकलन गरिएको छ। प्राथमिक स्रोतका रूपमा अपाङ्गता भएका व्यक्ति तथा अपाङ्गता भएका व्यक्तिको अधिकारका लागि काम गरिरहेका व्यक्तिलाई प्रत्यक्ष भेटेर अन्तरवार्ता लिइएको छ भने यस बाहेक घटना अध्ययन, समूहगत छलफल, मुख्य सूचनादातासँग अन्तरवार्ता लिइ सूचना सङ्कलन गरिएको छ। द्वितीय स्रोतमा पहिला नै प्रकाशित अध्ययन प्रतिवेदन, लेख रचना, अपाङ्गता सम्बन्धी कानुनहरू, पत्रपत्रिकामा प्रकाशित समाचारहरू, विभिन्न परियोजनाका प्रतिवेदनहरूमा प्रकाशित तथ्यहरूलाई उपयोग गरिएको छ।

## २.४ सूचना संकलन विधि

यस अध्ययनमा सूचना संकलनका लागि मुख्य रूपमा घटना अध्ययन, अन्तरवार्ता र समूह छलफललाई उपयोग गरिएको छ जसको तल व्याख्या गरिएको छ :

**घटना अध्ययनः-** अपाङ्गता भएका व्यक्तिका प्रत्यक्ष भोगाइलाई दर्शाउन विभिन्न घटनाहरूको अध्ययन गरी प्रस्तुत गरिएको छ। जसको लागि विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्ति, उनीहरुको अधिकारका लागि काम गरिरहेका संस्थाका प्रतिनिधि तथा उनीहरूले निकालेका दस्तावेज र संस्थामा प्रत्यक्ष गएर अवलोकन गरी सूचना संकलन गरिएको छ।

**समूहगत छलफल (Focused Group Discussion):-** अपाङ्गता भएका व्यक्तिहरू तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि काम गरिरहेका विज्ञहरू तथा सम्बन्धित क्षेत्रका सरोकारवालाहरूसँग समूहगत छलफल (Focus Group Discussion) गरिएको छ। अध्ययनका क्रममा प्रदेशस्तरमा यस प्रकारका छलफलहरु ७ वटा भएका थिए। जसमध्ये कोशी प्रदेश, मधेश प्रदेश, कर्णाली प्रदेश र सदुर पश्चिम प्रदेशमा भने भर्चुअल र फोनको माध्यमबाट गरिएको थियो। काठमाडौंमा अभिभावकहरु, बहिरा, सुस्त-श्रवण, दृष्टिविहिन गरी विभिन्न समूहमा छलफल गरिएको थियो। मधेश प्रदेशमा प्रत्यक्ष रुपमा दुईवटा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुसँग अन्तरक्रिया गरिएको थियो ।

**मुख्य सूचनादाता अन्तरवार्ता (Key Informant Interview – KII):-** यस अध्ययनलाई प्रभावकारी बनाउन स्थानीय तहका कर्मचारी, सरकारी निकाय, अपाङ्गता भएका व्यक्तिको नेतृत्व तहमा रहेका व्यक्तिहरू नीति निर्माता र समावेशी आयोगका प्रतिनिधिहरूसँग नियमित छलफल र परामर्श गरिएको छ।

## २.५ नमुना छनोट

छलफल र अन्तरवार्ताका लागि छनौट गरिएका सहभागी र उत्तरदाताको छनौट उद्देश्यमूलक छनौट विधिका आधारमा लिईएको हो। अन्तरवार्ता र छलफलमा सबै प्रकारका अपाङ्गता र विभिन्न सरोकारवालाको सहभागिता सकेसम्म हुन सकोस भनि सक्दो प्रयास गरिएको छ । सूचना संकलन निम्न अनुसार गरिएको थियो ।

१. **संघीय स्तरमा मुख्य सूचनादाता अन्तरवार्ता (Key Informant Interview – KII: को विवरण:**

| क्रम संख्या | मुख्य सूचनादाता | अन्तरवार्ता लिएको संख्या |
|---|---|---|
| १ | राष्ट्रिय सभाका सदस्य | ३ |
| २ | संघीय मन्त्रालयका प्रतिनिधि | ४ |
| ६ | अपाङ्गता भएका कर्मचारी | ५ |
| ७ | अपाङ्ता भएका विभिन्न संस्थाका प्रतिनिधि | १० |
| ९ | अपाङ्गता अधिकार विज्ञ | ५ |
| जम्मा | | ७ |

२. **स्थानीय मुख्य सूचनादाता अन्तरवार्ता (Key Informant Interview – KII) को विवरण:**

| क्रम संख्या | प्रदेश | स्थानीय तहको संख्या | सहभागी संख्या |
|---|---|---|---|
| १ | कोशी प्रदेश | २ | २ |
| २ | मधेश प्रदेश | २ | २ |
| ३ | बागमती प्रदेश | ३ | ३ |
| ४ | लुम्विनी प्रदेश | २ | २ |
| जम्मा | | ९ | ९ |

३. **प्रदेशमा गरिएको समुहगत छलफल : भर्चुअल (जुम) को माध्यमबाट अपाङ्गता भएका व्यक्तिहरुसँग गरिएको समूहगत छलफलको विवरण:**

| क्रम संख्या | प्रदेश | समुहगत छलफल | सहभागी संख्या |
|---|---|---|---|
| १ | कोशी प्रदेश | १ | १० |
| २ | मधेश प्रदेश | १ | ८ |
| ६ | कर्णाली प्रदेश | १ | १२ |
| ७ | सुदुर पश्चिम प्रदेश | १ | १३ |
| जम्मा | | ७ | ७० |

४. **काठमाण्डौमा अपाङ्गता भएका व्यक्तिहरुसँग  गरिएको समूहगत छलफलको विवरण :**

| क्रम संख्या | समूहगत छलफल गरिएका वर्गहरु | समूहगत छलफल | सहभागी संख्या |
|---|---|---|---|
| १ | बौद्धिक अपाङ्गता भएका व्यक्तिका अभिभावक तथा आमाहरू | १ | ८ |
| २ | दृष्टिविहिन युवाहरू | १ | ७ |
| ६ | स्पाईनल ईन्जुरी भएका अपाङगता भएका ब्यक्तिहरू | १ | ५ |
| ७ | सुस्त श्रवण सम्वन्धी अपाङ्ता भएका व्यक्तिहरू | १ | ९ |
| जम्मा | | ४ | २९ |

५. **स्थानीय तहमा अन्तरक्रिया : मधेश प्रदेशको स्थानीय तहमा गरिएको अन्तरक्रियाको विवरण:**

| क्रम संख्या | प्रदेश | अन्तरकृया | सहभागी संख्या |
|---|---|---|---|
| १ | महोत्तरी गाउँपालिका, महोत्तरी | १ | ३२ |
| २ | बलवा नागरपालिका, महोत्तरी | १ | २८ |
| जम्मा | | १ | ६० |

६. **प्रदेशमा गरिएको समूहगत छलफल : भर्चुअल (जुम) को माध्यमबाट अपाङ्गता भएका व्यक्तिहरुसँग गरिएको छलफलको विवरण :**

| क्रम संख्या | प्रदेश | समूहगत छलफल | सहभागी संख्या |
|---|---|---|---|
| १ | कोशी प्रदेश | १ | १० |
| २ | मधेश प्रदेश | १ | ८ |
| ६ | कर्णाली प्रदेश | १ | १२ |
| ७ | सुदुर पश्चिम प्रदेश | १ | १३ |
| जम्मा | | ७ | ७० |

**२.६ प्रतिवेदनको ढाँचाः**

यस अध्ययनको प्रतिवेदन तयार गर्दा प्रतिवेदन लेखनको सर्वमान्य ढाँचालाई नै उपयोग गरिएको छ। गुणात्मक अध्ययन भएको हुनाले प्राप्त सूचनाहरूलाई व्याख्यात्मक विधिबाट विश्लेषण गरिएको छ। राष्ट्रिय समावेशी आयोगबाट प्रदान गरिएको कार्यशर्त विवरण (TOR) अनुसार प्रदान गरिएको प्रतिवेदनको ढाँचा अनुसार नै यो प्रतिवेदन तयार गरिएको छ। प्राथमिक सूचना संकलन गर्न प्रयोग गरिएका प्रश्नावलीलाई अनुसूचीमा उल्लेख गरिएको छ।

**२.७ अध्ययनको सीमाः**

यस अनुसन्धानमा उत्तरदाताले दिएका सूचना, साझा गरेका अनुभव र भोगाईहरूलाई सत्य मानिएको छ र समूह छलफलबाट आएका सामूहिक सूचना र निश्कर्षमा विश्वास गरिएको छ। उत्तरदाताका उत्तरहरूलाई सत्य हो कि होईन भनेर अन्य विधिबाट परिक्षण गरिएको छैन। दोस्रो, यस प्रकारको अध्ययनलाई ठूलो आकारको नमुना र अझ व्यापक भौगोलिक क्षेत्रलाई समेटेर गर्न सकिने थियो तर समय र बजेट दुवैको सीमितताका कारण सानो नमूना आकार र सीमित भौगोलिक क्षेत्रलाई समेटेर गरिएको छ।

# अध्याय-तीन

# अपाङ्गता भएका व्यक्तिहरुको हकमा अन्तर्राष्ट्रिय कानून, संवैधानिक र कानूनी व्यवस्था र राज्य प्रदत्त सेवा सुविधाहरू

## ३.१ अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी महासन्धि- २००६

नेपाल अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्वन्धी महासन्धी २००६ को पक्ष राष्ट्र हो। नेपाल सरकारको विद्यमान कानून अनुसार महासन्धि कार्यान्वयन गर्न सरकारका लागि वाध्यकारी व्यवस्था छ। [१]महासन्धिको प्रस्तावनाले नै अपाङ्गता भएका व्यक्तिहरुलाई सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताको सर्वव्यापकता, अभिभाज्यता, अन्तर्निर्भरता तथा अन्तर्सवद्धता साथै अपाङ्गता भएका व्यक्तिलाई विना कुनै भेदभाव त्यस्ता अधिकार र स्वतन्त्रताको पूर्ण उपभोगको प्रत्याभुति दिनुपर्ने आवश्यकतालाई पुष्टि गरेको छ।

अपाङ्गता भएका व्यक्तिहरुलाई हरेक अधिकारको उपभोग गर्न सक्षम तुल्याउन सरकारले उनीहरूको मानवअधिकारको सुनिश्चितताका लागि र सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक अधिकारहरू अन्य सरह समान रूपमा उपयोग गर्ने वातावरण र अवसर सुनिश्चित गर्न सबै सम्भव उपायहरू अवलम्बन गर्नुपर्ने उल्लेख छ। महासन्धिमा अपाङ्गता भएका व्यक्तिहरूले उत्पादनशील, मर्यादित र सम्मानपूर्ण जीवन बाँचेको सुनिश्चित गर्न सरकारले उनीहरूले सामना गर्नुपरेका सबै प्रकारका अवरोध, विभेद, अप्ठ्यारा र असमान व्यवहारहरू हटाउनुपर्छ भन्ने कुरामा जोड दिएको छ। यसो गर्नको लागि पर्याप्त कानून र नीतिहरू बनाउने, विकासको मुलधारमा अपाङ्गताका सवालहरूलाइ समावेश गराउने, अपाङ्गता भएका व्यक्तिहरूलाइ निर्णय प्रकृयामा समावेश गराउने, उनीहरूको क्षमता विकास र शसक्तीकरणको लागि विशेष व्यवस्थाहरू गर्ने र दीर्घकालीन र अल्पकालीन कार्यक्रम र बजेटहरू लागू गरी उनीहरूको जीवनमा व्यापक सुधार ल्याउने काम सरकार लगायत यस क्षेत्रमा काम गर्ने सबै सरोकारवाला निकायहरूको दायित्व हो। त्यति मात्र नभएर अपाङ्गता भएका व्यक्तिहरुको राजनीतिक तथा निर्णय प्रकृयामा सहभागिता बृद्धि गर्न अपाङ्गता भएका व्यक्तिका संस्थाहरुलाई पनि क्षमता विकासमा कार्य गर्ने भन्ने उल्लेख गरिएको छ।

## ३.२ नेपालको संविधानमा भएका केही मुख्य मुख्य व्यवस्थाहरू

नेपालको संविधानको प्रस्तावनामा सबै प्रकारका जातीय, वर्गीय, क्षेत्रीय, धार्मिक, लैंगिक लगायत देशका जनतालाइ सबै प्रकारका विभेदबाट मुक्त राख्ने कुरा उल्लेख गरिएको छ जुन अपाङ्गता भएका व्यक्तिहरूको हकमा पनि समान रूपमा लागू हुन्छ। संविधानको धारा १८, समानताको हकमा अपाङ्गताको आधारमा मानिसलाइ कुनै प्रकारको भेदभाव गर्न पाइँदैन भन्ने प्रावधान उल्लेख

[१] अपाङ्गता भएका व्यक्तिकहरुको अधिकार सम्वन्धी महासन्धि- २००६ को प्रस्तावनाको तेश्रो अनुच्छेद

गरिएको छ भने सोही धाराको उपधारा ३ मा अपाङ्गता भएका व्यक्तिहरूको शसक्तीकरणको लागि राज्यले कानून बनाइ विशेष व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ। संविधानको धारा २४ ले पनि मानिसलाइ शारीरिक अवस्थाको आधारमा कुनै पनि विभेद गर्न नपाइने व्यवस्था गरेको छ। धारा ३१, शिक्षा सम्बन्धी हकमा अपाङ्गता भएका व्यक्तिहरूले उच्च शिक्षा निःशुल्क रूपमा गर्न पाउने व्यवस्था गरिएको छ भने दृष्टिविहीन नागरिकलाइ ब्रेल लिपी र बहिरा व्यक्तिलाइ सांकेतिक भाषामा पढ्न लेख्न पाउने अधिकार सुनिश्चित गरेको छ। त्यस्तैगरी धारा ३९, बालबालिकाको हकमा अपाङ्गता भएका बालबालिकाले राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हकको व्यवस्था गरिएको छ। धारा ४२, सामाजिक न्यायको हकमा अपाङ्गता भएका व्यक्तिहरूलाइ अन्य सरह राज्यका विभिन्न निकायहरूमा समावेशीताको सिद्धान्तको आधारमा सहभागी हुन पाउने र सार्वजनिक सेवा र सुविधाहरूको उपयोगमा समान हक हुने व्यवस्था सुनिश्चित गरिएको छ। यसै धारा अन्तर्गत गरिएको अर्को व्यवस्थामा सामाजिक सुरक्षाका कार्यक्रमहरूमा कानून बमोजिम अपाङ्गता भएका व्यक्तिहरूलाइ सेवा सुविधामा प्राथमिकता दिनुपर्ने उल्लेख गरिएको छ। राज्यका निर्देशक सिद्धान्तहरू अन्तर्गत धारा ५१ मा सार्वजनिक यातायातलाइ अपाङ्गता मैत्री बनाउनुपर्ने व्यवस्था उल्लेख छ। यसैगरी प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेशसभाको गठन अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूलाइ समानुपातिक आधारमा प्रतिनिधित्व गर्न पाउने व्यवस्था गरिएको छ ।

संविधानको अनुसूची ८ मा स्थानीय निकायको अधिकारको सूची राखिएको छ। उक्त सूचीमा एउटा अधिकार ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन गर्ने भनिएको छ। यसको अर्थ अपाङ्गता भएका व्यक्तिहरूको प्रत्यक्ष सेवा सुविधा, अधिकार उपयोगको सुनिश्चितता र अवसर समानीकरणसँग सम्बन्धित कामहरू गर्ने जिम्मेवारी स्थानीय निकायको हो भन्ने हो।

माथि उल्लेखित व्यवस्थाहरू अपाङ्गता भएका व्यक्तिहरूको जीवनमा लागू गराउन सरकारले अरू थप कानून र नीतिहरू बनाउनुपर्छ र राज्यका हरेक निकायहरूले उक्त नीति र कानुन अनुसार बजेट र कार्यक्रमहरू बनाइ लागू गराउनुपर्छ। जस्तै यसको लागि कानूनी शिक्षा ,सचेतना, सशक्तीकरणका कार्यक्रम, सामाजिक सुरक्षा कार्यक्रम, पहुँचयुक्त सार्वजनिक सेवा सुविधा र संरचनाको व्यवस्था, पहुँचयुक्त सेवा प्रवाह तथा सूचना प्रणाली, विभेद विरूद्धका अभियान र कार्यक्रमहरूको संचालन, समावेशी शिक्षा कार्यक्रम, समावेशी रोजगारी कार्यक्रम आदि। यस्ता कार्यक्रमहरू संचालन गर्न राज्यका तीनवटै निकायले आफ्नो आफ्नो जिम्मेवारी अनुसार बजेटको पनि व्यवस्था गर्नुपर्छ।

### अपाङ्गता भएका व्यक्तिको राजनीतिक प्रतिनिधित्व सम्वन्धी संवैधानिक व्यवस्था

नेपालको संविधानको धार ४२ (१) मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा

पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खसआर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक; धारा ४२(३) मा अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान रूपमा पहुँचको हक; धारा ८४(२) मा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खसआर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ। त्यसरी उम्मेदवारी दिंदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ; धारा ८४(३) मा उपधारा २ बमोजिम राजनीतिक दलले उम्मेदवारी दिंदा अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्ने छ; धारा ८६(२) क अनुसार प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा संघीय कानून बमोजिम प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उप प्रमुखको मतको भार फरक फरक हुनेगरी प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित, एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्क सहित आठजना गरी निर्वाचित छपन्न जना; धारा ८६(२)ख अनुसार नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा १ जना महिला सहित ३ जना मनोनयन गर्ने ब्यवस्था; धारा १७६(६) अनुसार समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेशसभाको निर्वाचनका लागि राजनीतिक दलले उमेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खसआर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानून बमोजिम हुने ब्यवस्था छ। त्यसरी उमेदवारी दिंदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने छ। यसको स्पष्टीकरणमा यस भागको प्रयोजनका लागि खसआर्य भन्नाले क्षेत्री, ब्राह्मण, ठकुरी, संन्यासी (दशनामी) समुदाय सम्झनु पर्दछ भनिएको छ।

### ३.३ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७४ मा भएका व्यवस्थाहरू

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७४ ले अपाङ्गता भएका व्यक्तिहरूको लागि परिचयपत्रको व्यवस्था गर्नुका साथै उनीहरूको स्वास्थ्य, शिक्षा, रोजगारी, पहुँचयुक्त संरचना, पुनर्स्थापना, सहायक सामग्री, न्यायमा पहुँच, सामाजिक सुरक्षा, तालिम, स्वरोजगारका लागि विभिन्न व्यवस्थाहरू गरेको छ र स्थानीय निकायका लागि विभिन्न जिम्मेवारीहरू सुम्पिएको छ। अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित छरिएर रहेका हकअधिकारहरुलाई एउटै छाता ऐनबाट सम्वोधन गर्ने प्रमुख उद्देश्यसहित अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन २०७४ जारी भएको हो। यो ऐन २०७४/०६/२९ मा पहिलो पटक जारी भई पुनः २०७५/०६/०२ मा पहिलो संशोधन भई हाल कार्यान्वयनमा रहेको छ। यसमा  कुल १३ वटा परिच्छेद र ६३ वटा दफा समावेश छन्। प्रमुख रुपमा अपाङ्गता भएका व्यक्तिहरूको लागि परिचयपत्रको व्यवस्था गर्नुका साथै उनीहरूको

स्वास्थ्य, शिक्षा, रोजगारी, पहुँचयुक्त संरचना, पुनर्स्थापना, सहायक सामग्री, न्यायमा पहुँच, सामाजिक सुरक्षा, तालीम, स्वरोजगारका लागि विभिन्न व्यवस्थाहरू गरेको छ। यस ऐनको उद्देश्य अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरुको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तीकरण गरी नीति निमार्ण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गर्ने रहेको देखिन्छ। अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धमा प्रचलित कानून बमोजिमका अधिकार उपभोग गर्न पाउने, भेदभाव विरुद्धको अधिकार, सामुदायिक जीवनको अधिकार, संरक्षणको अधिकार, राजनीतिक सहभागिताको अधिकार, नीति निमार्णमा सहभागिताको अधिकार, संस्था खोल्ने अधिकार, सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार, सेवा, सुविधा तथा न्यायमा पहुँचको अधिकार, सामाजिक सुरक्षाको अधिकार, सूचना तथा जानकारीको अधिकार र आवत जावतको अधिकार जस्ता महत्वपूर्ण अधिकारको व्यवस्था गरिएको छ। त्यसबाहेक पहिलो पटक महिला तथा बालबालिकाको थप अधिकारको व्यवस्था समेत यस ऐनले गरेको छ। सेवा सुविधाको पहुँचको सवालमा सवै भन्दा बढी यस ऐनले जिम्मेवार स्थानीय तहलाई गराएको पाईन्छ।

ऐनमा तोकिएका व्यवस्थाहरूमा देहायबमोजिमका कामहरू गर्न स्थानीय तहका लागि बढी जिम्मेवार बनाएको अवस्था छ जुन देहायबमोजिमका जिम्मेवारीहरू प्रष्ट रूपमा देखिन्छ :

- पालिकास्तरीय अपाङ्गता समन्वय समिति निर्माण गर्ने र त्यसको लागि कार्यविधि बनाउने।
- अपाङ्गता परिचयपत्र सिफारिस समितिको गठन गर्नुपर्ने र यसको कार्यविधि निर्माण गरी अपाङ्गता भएका व्यक्तिहरूलाई ऐनमा व्यवस्था भए अनुसार परिचयपत्र वितरण गर्नुपर्ने।
- तोकिएको ढाँचामा स्थानीय तहले अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क संकलन गरी अभिलेख राख्नुपर्ने।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि चाहिने सहयोगी सेवा र सहायक सामग्रीहरूको व्यवस्था तथा वितरण गर्नुपर्ने।
- स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिहरूमाथि हिंसा, शोषण, दुर्व्यवहार, हिंसा वा विभेद हुन नदिने वा भएमा कार्वाही अगाडी वढाउने।
- स्थानीय तहका सार्वजनिक संरचना र सेवा प्रणालीहरू लगायत सूचना तथा संचार सेवाहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयुक्त बनाउने।
- अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिका सरह समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर उपलब्ध गराउन व्यवस्था मिलाउने साथै अन्य विशेष संरक्षणका व्यवस्थाहरू मिलाउने।
- अन्य बालबालिका सरह अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालय संरचनालाई समावेशी बनाउनेदेखि लिएर तालिमप्राप्त शिक्षक राख्ने, मैत्रीपूर्ण सिकाइ

पद्दति, कक्षा कोठामा सबैलाइ समान रूपमा सिक्ने वातावरण निर्माण गर्न आवश्यक कार्यक्रम र बजेट विनियोजन गर्ने।

- बहिराहरूलाई संचारमा पहुँच स्थापित गर्न सांकेतिक भाषा तालिम र दोभाषेको व्यवस्था गर्ने।
- अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच स्थापित गर्न छात्रवृत्तिको व्यवस्था लगायत आर्थिक सहयोगको व्यवस्था गर्ने।
- निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने र अन्य पुनर्स्थापना सम्बन्धी सेवाहरू स्थानीय तहमा सुनिश्चित गर्ने।
- अपाङ्गताको कारणले नियमित सेवन वा प्रयोग गर्नुपर्ने अत्यावश्यक औषधिहरूको भण्डारण तथा वितरणको व्यवस्था गर्ने।
- स्थानीय तहमा हुने खेलकुद तथा मनोरञ्जनका गतिविधिहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता गराउने र पारा तथा विशेष खेलकुदहरूको आयोजना गर्ने र प्रवर्द्धन गर्ने।
- मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूका लागि मनोपरामर्श सेवा र औषधिको व्यवस्था गर्ने।
- ऐनले परिच्छेद ८ को दफा ३७ मा व्यवस्था गरेका सेवा सुविधा र सहुलियतहरू अपाङ्गता भएका व्यक्तिहरूले स्थानीय तहमा प्राप्त गरेका छन् भन्ने सुनिश्चित गर्ने।

माथि उल्लेख गरिए बाहेक ऐनले स्थानीय तहकै लागि भनेर ऐनको दफा ४५ मा देहाय बमोजिमका जिम्मेवारीहरू तोकेको छ :

(१) अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, गराउने दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेछ।

(२) राज्यका तर्फबाट अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराइने सहयोग सहज रुपमा उपलब्ध गराउने दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेछ।

(३) आफ्नो क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिलाई स्थानीय तवरबाट उपलब्ध हुन सक्नेसम्मका सेवा, सुविधा तथा अवसर उपलब्ध गराउने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ।

(४) अपाङ्गता भएका व्यक्तिले विना भेदभाव अन्य व्यक्ति सरह समानरुपमा मर्यादित र प्रतिष्ठापूर्वक जीवनयापन गर्न पाउने वातावरणको सुनिश्चितताका लागि नेपाल सरकारले तोकिए बमोजिमका उपायहरुको अवलम्बन गर्नेछ।

## ३.४ अपाङ्गता भएका व्यक्तिहरूकोलागि भौतिक पहुँच तथा संचार सेवा निर्देशिका २०६९ मा भएका व्यवस्था र स्थानीय तहको दायित्व

यस निर्देशिकामा सार्वजनिक भौतिक संरचनाहरू निर्माण गर्दा र उक्त संरचनाहरू अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैका लागि पहुँचयुक्त बनाउनुपर्ने र बनाउँदा अपनाउनुपर्ने न्यूनतम प्राविधिक मापदण्डहरूको व्यवस्था गरिएको छ। स्थानीय तहले आफ्नै बजेटमा विद्यालय, स्वास्थ्य चौकी,

मठमन्दिर, सामुदायिक भवन, पार्कहरू, खेलमैदान, सडक, सार्वजनिक शौचालय, सार्वजनिक धारा, पाटी पौवा, चौतारा आदि निर्माण गर्दा यो मापदण्डको पालना गर्नुपर्छ र यसको लागि बजेटको व्यवस्था गर्नुपर्छ।

## ३.५ स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेख गरिएका व्यवस्थाहरू

अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित कानून र नीतिहरू बाहेक संघीय सरकारले स्थानीय सरकार सञ्चालनका लागि छुट्टै कानून बनाएको छ जसलाई स्थानीय सरकार सञ्चालन ऐन भनिन्छ। यस ऐनमा पनि अपाङ्गता भएका व्यक्तिहरूका लागि स्थानीय निकायहरूले गर्नुपर्ने कामहरू उल्लेख गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐनमा अपाङ्गता भएका व्यक्तिहरूका हकमा स्थानीय सरकारले गर्नुपर्ने कामहरूमा देहाय बमोजिम रहेका छन् :

- सार्वजनिक प्रयोगका स्थल र भवनहरू अपाङ्गतामैत्री तथा भौतिक रूपमा पहुँचयोग्य बनाउनुपर्ने।
- शहरी परिवहनको सुविधा तथा अपाङ्गतामैत्री सार्वजनिक सवारी सुविधायुक्त बनाउनुपर्ने।
- प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मुल्याङ्कन र नियमन।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अध्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण।
- संघ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सञ्चालन तथा व्यवस्थापन।
- सडक बालबालिका, अनाथ, असहाय, असक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन।
- वातावरमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद् जोखिम सम्बोधन, अपाङ्गता र लैंगिक मैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन।
- अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क राख्ने।
- असहाय, अशक्त वेवारीसे व्यक्ति विरामी भएमा नजिकको अस्पतालमा लगेर उपचार गराउने।
- योजना निर्माण प्रकृयामा सामाजिक समावेशीकरणलाई ध्यान दिने।
- योजना निर्माण गर्दा सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागिता गराउनुपर्ने।

## ३.६ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी नियमावली, २०७७

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन, २०७४ लाई कार्यान्वयन गर्न अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी नियमावली, २०७७ कार्यान्वयनमा ल्याईएको हो। यसमा ४१ वटा

नियमहरुमा रहेका मुख्य व्यवस्थाहरुमा अपाङ्गताको वर्गीकरण र सिफारिस, अपाङ्गता परिचयपत्र वितरण, स्थानीय तहले अपाङ्गताको अभिलेख राख्ने, उजुरी दिने, सहायक सामग्री उपलव्ध गराउने, सामुदायिक सहायता सेवा, ब्यक्तिगत सहयोगी सेवा, आर्थिक सहयोग र तालीम सम्वन्धी व्यवस्था, अपाङ्गता भएका व्यक्तिहरुलाई सेवा सुविधा, अपाङ्गता भएका व्यक्तिका छोराछोरीका लागि छात्रवृत्ति, अपाङ्गता भएका महिलाको लागि विशेष कार्यक्रम, अपाङ्गता भएका बालबालिकाको विशेष संरक्षण, शिक्षा प्रदान गर्न सवैको पहुँच सुनिश्चित गर्न सूचना प्रविधिको प्रयोग, छात्रवृत्ति तथा आर्थिक सहयोग उपलव्ध गराउने, ऋण उपलब्ध गराउने, अपाङ्गता भएका व्यक्तिहरुको सहभागितामा प्राथमिकता, निःशुल्क स्वास्थ्य सेवा, सामाजिक सूरक्षा प्रदान गर्ने, सांस्कृतिक अधिकार तथा मनोरञ्जनका अधिकार र खेलकुद जस्ता व्यवस्था गरिएका छन्।

## ३.७ अपाङ्गतामैत्री सञ्चार निर्देशिका, २०७३

अपाङ्गता भएका व्यक्तिलाई नामबाट नबोलाई अवस्थालाई जोडेर बोलाउने, अपाङ्गता भएका व्यक्तिहरुको गरिमामा आँच आउने, उनीहरुको मानमर्दन हुने किसिमले अमर्यादित शव्दावली सम्वोधन गर्ने गरिन्छ। यति मात्रै नभएर आमसञ्चारमा पनि यस किसिमका शव्दावली प्रयोग गर्ने गरिन्छ। अपाङ्गता भएका व्यक्तिहरूलाई सम्मानीतरूपमा सम्वोधन गर्नुपर्दछ। अपाङ्गतालाई जोडेर अमर्यादित शव्दावली प्रयोग गर्नु हुँदैन भनि प्रेस काउन्सिल नेपालले अपाङ्गतामैत्री सञ्चार निर्देशिका,२०७३ जारी गरेको छ। उक्त निर्देशिकाले जारी गरेका मर्यादित शव्दावली यसप्रकार रहेका छन् :

| प्रयोग गर्न नहुने शब्द/शब्दावली | प्रयोग गर्नुपर्ने सही शब्द/शब्दावली |
|---|---|
| अपाङ्ग | अपाङ्गता |
| विकलाङ्ग | अपाङ्गता भएका व्यक्ति |
| अपाङ्ग व्यक्ति, विशेष क्षमता भएको व्यक्ती, भिन्न क्षमता भएको व्यक्ति, फरक क्षमता भएको व्यक्ति, | शारीरिक अपाङ्गता भएको व्यक्ति, पोलिमाईलाईटिस भएको व्यक्ति |
| बहिरो, लाटो, लाटी | बहिरा व्यक्ति, सुस्त श्रवण भएको व्यक्ति वा सुनाई र बोलाई सम्बन्धि अपाङ्गता भएको व्यक्ति |
| दृष्टिविहीन, अन्धा, कानो | दृष्टिविहीन, न्यून दृष्टियुक्त व्यक्ति |
| सेरेब्रल पल्सी (मस्तिष्क पक्षघात) | मस्तिष्क पक्षघात भएको व्यक्ति |

| | |
|---|---|
| अपाङ्ग, खोरन्डो, डुडो, ढिकिच्याउँ, लंगडो, शारीरिक अपाङ्ग वा शारीरिक रूपमा चुनौतियुक्त व्यक्ति | शारीरिक अपाङ्गता भएको व्यक्ति, पोलिमाईलाईटिस भएको व्यक्ति |
| अटिज्म वा अटिस्टिक | अटिज्म भएको व्यक्ति |
| गोजेग्रो, लठेब्रो, सुस्त मनस्थिति | बौद्धिक अपाङ्गता भएको व्यक्ति |
| डुँडो, डुँडि | एम्प्युटि भएको व्यक्ति, शारीरिक अपाङ्गता भएको व्यक्ति, हात वा खुट्टा नभएको व्यक्ति |
| हेमोफिलिक | हेमोफिलियायुक्त व्यक्ति |
| डाउन सिन्ड्रम वा डाउन सिन्ड्रमबाट पिडित व्यक्ति | डाउन सिन्ड्रम भएको व्यक्ति |
| बौलाहा, पागल, अर्धपागल, साईको | मनोसामाजिक अपाङ्गता भएको व्यक्ति |
| कुष्ठ रोगी | कुष्ठ प्रभावित व्यक्ति |
| सामान्य विद्यालय | मुलधारका विद्यालय वा अन्य विद्यालय |
| म्युट | बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरू |
| बाखो | भकभके अपाङ्गता भएका व्यक्तिहरू |
| डल्ले, डल्ली | होचापुड्का |
| भावना र व्यवहारमा समस्या भएका व्यक्ति | भावना र व्यवहार सम्बन्धित अपाङ्गता भएका व्यक्तिहरू |
| विशेष विद्यालय | विशेष शिक्षा प्रदान गर्ने विद्यालय |
| समावेशी विद्यालय | समावेशी शिक्षा प्रदान गर्ने विद्यालय |

### ३.८ सोह्रौ योजना (२०८१/२०८२-२०८५/८६) मा भएका व्यस्थाहरू

सोह्रौं आवधिक योजनाले पनि अपाङ्गता भएका बालबालिकाको शिक्षालाई निकै महत्व दिदै अपाङ्गता भएका बालबालिकाको शिक्षाको सवाललाई उल्लेख गरेको छ। सोह्रौं योजनामा भएका केही प्रावधानहरु निम्न अनुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

- सबै किसिमका संरचनाहरु अपाङ्गमैत्री बनाउनु पर्ने।
- सबै अपाङ्गता भएका बालबालिकाहरूलाई शिक्षा प्रदान गर्नेगरी शैक्षिक पूर्वधार निर्माण गर्ने।
- अपाङ्गता पहिचानमा तालीम सहित दक्ष जनशक्ति उत्पादन र व्यवस्था गर्ने।
- गुणस्तरीय तथा समावेशी शिक्षामा लगानी विस्तार गर्ने।
- अपाङ्गता भएका विद्यार्थीहरूलाई उनीहरूको आवश्यकता अनुसार पठन-पाठन गर्न अनुकुलन वातावरण तयार गर्न विद्यालय विद्यार्थी सहयोग कार्यक्रम तयार गरी लागु गर्ने।

## ३.९ विद्यमान कानून अनुसार अपाङ्गता भएका व्यक्तिहरुको लागि राज्य प्रदत्त सेवा सुविधा तथा असल अभ्यासहरू

- **परिचयपत्र प्राप्ति तथा वितरण को व्यवस्था:-** नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरुको सेवा सुविधामा पहुँचता सुनिश्चत गर्न अपाङ्गताको पहिचानको लागि परिचयपत्र वितरण गर्ने व्यवस्था गरेको छ। यसरी वितरण गरिने परिचयपत्र सम्वन्धित गाउँपालिका वा नगरपालिकामार्फत आवश्यक प्रकृया पुऱ्याइ प्राप्त गर्न सकिन्छ।

- **निःशुल्क शिक्षाको व्यवस्था एवं प्राविधिक शिक्षा तथा तालिममा सहुलियत:-** अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क शिक्षा दिने कुरा नेपालको संविधान २०७२, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७४, सरकारी विद्यालय र क्याम्पसहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई कुनै पनि किसिमको शुल्क लिन पाउने छैन। संस्थागत तथा निजी विद्यालयहरूले प्रदान गर्नुपर्ने १०% छात्रवृत्तिमा अपाङ्गता भएका विद्यार्थीहरूलाई पनि २% समेट्नु पर्ने कुरा उल्लेख छ। नेपाल सरकारले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) अन्तर्गत दिइने प्राविधिक शिक्षामा सहभागी बन्नको लागि दिइने परीक्षामा योग्यता पुगेको अपाङ्गता भएका व्यक्तिहरूलाई थप १० अंक प्राथमिकता सहित प्रदान गरिने व्यवस्था गरिएको। विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई सरकारले शैक्षिक छात्रवृत्ति पनि प्रदान गर्दै आएको छ। यस्तो छात्रवृत्ति चार प्रकारको रहेका छन्: (१) घरबाट विद्यालय जान नसक्ने र अरूको सहयोग चाहिने र नियमित रूपमा आवासीय रूपमा नै बसेर पढ्नु पर्ने अवस्थाका बालबालिकालाई मासिक रु. ५,०००/- का दरले १० महिनाको रु. ५०,०००/-; (२) आवासीय रुपमा बस्न नपर्ने तर अरूको सहयोग लिएर विद्यालय जान आउन पर्ने बालबालिकालाई मासिक रु. ५००/- को दरले १० महिनाको रु. ५,०००/-; (३) अरूको सहयोग नचाहिने सहायक सामाग्री प्रयोग गरी आफै विद्यालय जान र आउन सक्ने बालबालिकालाई मासिक रु. ३००/- का दरले १० महिनाको रु. ३,०००/- र (४) सामान्य अपाङ्गता विद्यालय प्रोत्साहन छात्रवृत्तिको रूपमा मासिक रु. १००/- का दरले १० महिनाको रु. १,०००/-

- **परीक्षामा थप समय उपलब्धता :-** लेखनमा समस्या भएका, ढिलो लेख्न, लेखन सहयोगी राख्नु पर्ने अपाङ्गता भएका विद्यार्थीहरूलाई ६० मिनेटसम्म समय थप। परीक्षामा समावेश हुन चाहने

अपाङ्गता भएका व्यक्तिहरूले आफूलाई थप समयको आवश्यकता भएको कारण स्पष्ट खुलाइ आफ्नो अपाङ्गता परिचयपत्रसहित आफूले अध्ययन गरिरहेको विद्यालयमा अग्रिम रूपमा आवेदन गरी यो सुविधा हासिल गर्न सक्नेछन।

- **निःशुल्क स्वास्थ्योपचारको व्यवस्था:-** स्वास्थ्य मन्त्रालयले जारी गरेको अपाङ्गता व्यवस्थापन नीति, रणनीति तथा १० वर्षे कार्ययोजना अनुसार निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गरेको छ। यो सुविधा नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषाभित्र पर्न आउने सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूले उपभोग गर्न पाउँछन। नेपाल भरका सरकारी अस्पतालहरूबाट यो सुविधा उपलब्ध गराइन्छ।
- **सार्वजनिक यातायातमा सिट आरक्षण तथा भाडा छुट:-** सार्वजनिक यातायात हवाई तथा स्थल मार्गमा ५०% भाडा छुटको व्यवस्था गरिनुका साथै १५ सीट भन्दा कम सिट संख्या भएको सार्वजनिक सवारी साधनमा १ जना र १५ जना भन्दा बढी सीट क्षमताको सवारी साधनमा २ सीट अपाङ्गता भएका व्यक्तिको लागि आरक्षित गरिएको हुन्छ।
- **दुई पाङ्ग्रे सवारी साधनमा कर छुटको व्यवस्था :-** चारपाङ्ग्रे स्कुटरमा भन्सार र करहरू छुट अर्थात चारपाङ्ग्रे स्कुटर प्रयोग गर्ने अपाङ्गता भएका व्यक्तिहरूले स्कुटर खरिद गर्न चाहेमा भन्सार सहित सम्पूर्ण करहरू छुट हुन्छ।
- **सहायक सामाग्रीहरूमा भन्सार छुट :-** अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्नुपर्ने सहायक सामाग्री विदेशबाट आयात गर्दा भन्सार र अन्य करहरू निःशुल्क हुने व्यवस्था छ । भन्सार छुट हुने सामाग्रीहरूमा जस्तैः ह्वीलचियर, विद्युतीय ह्वीलचियर, बैशाखी, सेतो छडी, क्रचेस, वाकर, कृतिम हातखुट्टा श्रवण यन्त्र आदि रहेका छन ।
- **सामाजिक सुरक्षा भत्ता:-** नेपाल सरकारले वर्गीकरण गरेको ४ तह मध्ये (क) पूर्ण अशक्त अपाङ्गता (रातो कार्ड) र (ख) अति अशक्त अपाङ्गता (निलो कार्ड) परिचयपत्र प्राप्त गरेका अपाङ्गता भएका व्यक्तिहरूले मासिक रूपमा भत्ता प्राप्त गर्छन। हाल रातो रंगको परिचयपत्र वहाकले मासिक रु. ३,९९०/- र निलो रंगको परिचयपत्र प्राप्त गरेका अपाङ्गता भएका व्यक्तिले मासिक रु. २,१२८/- प्राप्त गर्दछन्। त्यसैगरी मेरुदण्ड पक्षघात भएका अपाङ्गता भएका व्यक्तिले उपचार खर्चको रुपमा मासिक रु. ५,०००/- प्राप्त गर्ने व्यवस्था रहेको छ ।

## ३.१० स्थानीय तहबाट प्रदान गरिएका थप सेवा सुविधाहरू

संघीय सरकारले तोकेका सेवा सुविधा बाहेक स्थानीय सरकार आफैंले थप सेवा सुविधा समेत प्रदान गर्ने गरेका छन्। उदाहरणको लागि बागमती प्रदेश, ललितपुर जिल्ला अन्तर्गत ललितपुर महानगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरुलाई आवागमनमा सहजता होस् भनि अपाङ्गता मैत्री गाडी उपलब्ध गराएको छ। यस महानगरपालिकाले अपाङ्गता भएका व्यक्तिको थप तथ्याङ्क लिई अपाङ्गताको प्रकार र आवश्यकता अनुसार सेवा सुविधा प्रदान गर्ने योजना बनाई रहेको छ।

यसैगरी विभिन्न स्थानीय तहले आफैं बजेट छुट्याएर अपाङ्गता भएका व्यक्तिहरुलाई स्वरोजगारका कार्यक्रममा अनुदान, शैक्षिक सुविधा, सहायक सामग्री र अपाङ्गता भएका व्यक्तिका संस्थाको सशक्तीकरणको लागि अनुदान प्रदान गरेका छन्। त्यसैगरी गण्डकी प्रदेशका केही स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिहरुको निःशुल्क स्वास्थ्य बिमा गर्ने तथा (ग) मध्यम अपाङ्गता र (घ) सामान्य अपाङ्गता परिचयपत्र भएका अपाङ्गता भएका व्यक्तिलाई थोरै भएपनि प्रोत्साहान भत्ता प्रदान गर्ने गरिएको पाईएको छ। यसैगरी कोशी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको सेवा सुविधामा सहज पहुँच पुऱ्याउन अपाङ्गता सहायता कक्ष स्थापना गरी सञ्चालनमा ल्याइएको छ।

## अध्याय-चार

# सूचनाको प्रस्तुति तथा विश्लेषण

प्रतिवेदनको यस खण्डमा संकलित सूचनाको विश्लेषण र त्यसबाट आएका परिणामहरूलाई प्रस्तुत गरिएको छ। यस अन्तर्गत मुख्य गरेर अपाङ्गता परिचयपत्र प्राप्त गर्न भईरहेका समस्या तथा कठिनाईहरु, विद्यमान अपाङ्गता पहिचान तथा वर्गीकरण सम्वन्धी मापदण्ड वा आधारहरुको व्यवहारिक कार्यान्वयनको अवस्था, अपाङ्गता भएका व्यक्तिहरुको नीति निर्माण प्रकृयामा सहभागिता र प्रतिनिधित्व र सेवा सुविधामा पहुँचको अवस्थालाई समेटिएको छ।

### ४.१ अपाङ्गता परिचयपत्र प्राप्त गर्न भएका समस्या तथा कठिनाईहरू

**अपाङ्गता परिचय पत्रको फारम नै पनि राम्ररी नभरिएको** :- अपाङ्गता परिचयपत्र प्राप्त गर्न भएका समस्या तथा कठिनाईहरुका विषयमा अपाङ्गता भएका व्यक्ति र सरोकारवाला निकायसँग छलफल गर्दा, स्थानीय तहमा परिचयपत्र प्राप्तिका लागि परिचयपत्र वितरण निर्देशिकाले तोके अनुसार सुरूमा परिचयपत्र लिने व्यक्तिले भर्नुपर्ने विस्तृत विवरणसहितको फारम भर्ने बेलामा नै फारम पूर्णरूपमा नभरिने गरेको पाईएको छ। जसका कारण अपाङ्गता परिचयपत्र तयार हुँदा एक प्रकारको परिचयपत्र पाउन पर्ने व्यक्तिले अर्कै प्रकारको परिचय पत्र प्राप्त गरेको पाईएको छ। यसैगरी यसको अर्को महत्वपूर्ण कारण स्थानीय तहमा र स्थानीय राजनैतिक नेतृत्वबाट आउने राजनीतिक दवाब पनि रहने गरेको पाईएको छ।

**नेपालको भौगोलिक कठिनाई:-** नेपाल भौगोलिक विविधताले भरिएको देश हो, भौगोलिक कठिनाईका कारण पनि अपाङ्गता भएको व्यक्तिलाई अस्पतालबाट सिफारिस लिन र परिचयपत्र बनाउन हप्तौं लगाएर पालिका कार्यालय जानुपर्ने अवस्था छ। त्यसले पनि अपाङ्गता परिचयपत्र बनाउन असहजता हुने गरेको पाईएको छ। अझ यस कार्यको लागि पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिको हकमा थप व्यक्तिगत सहयोगीको आवश्यकता समेत पर्ने हुँदा एक जनाको परिचयपत्र प्राप्त गर्न अस्पताल, सम्बन्धित स्थानीय तह र फेरि सेवा सुविधा लिन जानको लागि जान आउन लाग्ने समय, खर्चको व्यवस्था गर्न नसक्दा ग्रामीण भेगमा रहेका अपाङ्गता भएका ब्यक्तिहरुले अपाङ्गता परिचयपत्र समेत नबनाएको पाईएको छ।

**हरेक स्थानीय तहमा चिकित्सकको सर्वसुलभता र उनीहरुमा पर्याप्त जानकारी नहुनु** :- नेपालका धेरै स्थानीय सरकारहरूले अपाङ्गता परिचयपत्र प्राप्तिको आधार डाक्टरको सिफारिसलाई मानेका छन्। तर, नेपालका धेरै स्थानमा अस्पताल नै नभएको तथा अस्पताल भएका ठाउँमा पनि सर्वसुलभ स्वास्थ्य जाँच नभएको पाईएको छ। साथै सर्वसुलभ स्वास्थ्य जाँच भएका ठाउँमा चिकित्सकको स्पष्टता र अपाङ्गता भएका व्यक्ति प्रति समानुभूतिको अभावमा रहेको पाईएको छ। उदाहरणको लागि सुदुरपश्चिम प्रदेशमा सबै प्रकारको स्वास्थ्य जाँच राम्ररी गर्नको लागि सेती अञ्चल अस्पतालमा जान पर्ने हुन्छ। अस्पतालमा जान आउन, स्वास्थ्य जाँच गराउन जाँदा लाग्ने खर्च महंगो र समय

धेरै लाग्छ। कहिलेकाहीँ अपाङ्गता भएका व्यक्तिले स्वास्थ्य परिक्षण गर्दा विभिन्न शारीरिक पक्षहरू (जस्तै आँखा, कान लगायत) को परीक्षण गर्नु पर्ने अवस्थामा एउटै अस्पतालमा सम्भव नहुने भएको कारणले पनि समय र स्रोत धेरै लाग्ने अवस्था देखिन्छ। यसै गरी फरक फरक पक्षको परीक्षण गर्न आवश्यकता अनुसारका विशेषज्ञ चिकित्सकको अभाव भएको गुनासो पनि छलफल र अन्तरवार्ताको क्रममा सहभागीहरूले गरे। बिभिन्न दुःख कष्ट गरि अपाङ्गता जाँच गरिसकेपछि पनि सरकारले दिने भत्ता वा अन्य सुविधाहरू पर्याप्त नभएको कारण पनि अपाङ्गता भएका व्यक्तिका घरपरिवारले परिचयपत्र बनाउनको लागि चासो नदिएको सहभागीहरूले बताए। त्यसै गरी अस्पतालमा रहेका चिकित्सकहरुले अपाङ्गताको बारेमा सिफारिस गर्दा अवरोध वा कार्यगत सिमितता (Functional Limitations) को आधारमा नगरेर केवल स्वास्थ्य अवस्था (Medical Condition) को अधारमा को सिफारिस गरिदिने हुँदा जसका कारण अपाङ्गता भएका व्यक्तिले निर्देशिकाले तोकेको मापदण्ड अनुसार एक प्रकारको परिचयपत्र प्राप्त गर्नुपर्नेमा अर्कै पाउने अवस्था आएको पनि देखिएको छ। कतिपय अवस्थामा चिकित्सकले अपाङ्गताको अवस्था नै तोकेर सिफारिस दिने पछि त्यो सिफारिस अनुसार स्थानीय समन्वय समितिमा छलफल हुदा मेल नखाने हुँदा सिफारिस गर्ने चिकित्सक र स्थानीय समन्वय समिति बिच असमझदारीको अवस्था पैदा भई चिकित्सकले अपाङ्गताको अवस्थाको वारेमा परीक्षण गर्न हिच्किचाउने अवस्था रहेको छ।

**वास्तविक अपाङ्गताको पहिचानमा नै जटिलता :-** कतिपय अपाङ्गताको हकमा झट्ट हेर्दा परिचयपत्र लिन आउने व्यक्ति शारीरिक रुपमा कुनै समस्या नभएको देखिने हुन सक्छ तर मानसिक, बौद्धिक वा सिकाईमा हुने ढिलाई दृष्टिकोणबाट अत्यन्त गम्भीर हुन सक्छ। तर एकै छिनको अवलोकनले परिचयपत्र लिन आउने व्यक्तिको सम्पूर्ण अवस्था पहिचान गर्न सकिने हुँदैन। यसका लागि समय लगाएर र विभिन्न विधिहरू प्रयोग गरेर उसको गम्भिरताको अवस्था मापन गर्नुपर्ने हुन्छ। जस्तै सुनाइ सम्बन्धी अपाङ्गता, मनोसामाजिक अपाङ्गता, अटिजम, बौद्धिक अपाङ्गता लगायतका अवस्थाहरू पहिचान गर्न बहु विधिहरूको प्रयोग जरूरी हुन्छ। तर अधिकांश स्थानीय सरकारसँग यो अनुभव र प्राविधिक क्षमताको अभाव छ। त्यसैले गर्दा नेपालमा न्यून प्रतिनिधित्व भएका अपाङ्गता समूह (जस्तै मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता अटिजम, सुस्त श्रवण, बहिरा जस्ता) को पहिचान गर्न नै लामो समय लाग्ने गरेको र कतिपय अपाङ्गताको पहिचान गर्न नसकेकै कारण परिचयपत्र पाउन नसकेको अवस्था रहेको तथ्य पनि छलफलमा उजागर भएकोछ। साथै विज्ञ स्वास्थ्य सेवाको सर्वसुलभ उपलब्धता पनि कम छ र भएका सर्वसुलभ सेवाको बारेमा पनि जानकारी नहुँदा अटिजम्, डाउन सिन्डोम, बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गर्न नै समय लाग्ने र निकै कठिनाई हुने गरेको छ। साथै, स्थानीय तहको अपाङ्गता परिचयपत्र वितरण समितिमा परिचयपत्र लिनको लागि न्यून प्रतिनिधित्व भएका अपाङ्गता भएका व्यक्ति जस्तै ( बौद्धिक अपाङगता, मनोसामाजिक अपाङ्गता) का अभिभावकहरुले परिचय पत्र लिन जाँदा स्थानीय तहका अधिकारी जनप्रतिनिधिहरुले अपाङ्गता नै नभए पनि अपाङ्गता परिचयपत्र लिन आएको, घर जग्गा जमिन भएपनि भत्ताको लागि परिचयपत्र लिन आएको, घर जग्गा हुने सम्पति हुनेले किन परिचय

पत्र लिनु पर्‍यो ? भनि समय समयमा विभिन्न लाञ्छाना लगाउने, अपमानित हुने व्यवहार गर्ने गरेको कुरा बेला बेलामा सुन्न परेको गुनासो गर्नु भएको छ[१०] जसले गर्दा न्युन प्रतिनिधित्व भएका अपाङ्गता भएका व्यक्तिलाई परिचयपत्र पाउनै पनि गाह्रो भएको छ।

**स्थानीय अपाङ्गता समन्वय समितिमा अपाङ्गता पहिचान सम्वन्धी विज्ञको अभाव :-** स्थानीय तहमा गठन भएको स्थानीय अपाङ्गता समन्वय समिति बाहिरबाट झट्ट हेर्दा समावेशी देखिन्छ। उक्त समितिमा स्थानीय तहका उपाध्यक्ष/उपप्रमुखको नेतृत्वमा स्थानीय कार्यपालिका सदस्य, अपाङ्गता भएका व्यक्ति तथा अपाङ्गता अधिकारमा लागेका व्यक्तिहरुको सहभागिता रहेको छ। तर, धेरैजसो स्थानीय तहका उपाध्यक्ष/उपप्रमुखको तथा कार्यपालिका सदस्यहरु अपाङ्गताको विषयमा कम जानकार भएको, अपाङ्गताको सवालमा सम्वेदनशील नभएको, उनीहरूले अपाङ्गताको बारेमा गम्भिर भएर बुझ्ने प्रयास नगरेको, समितिमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व भए पनि सो सदस्यसँग सबै प्रकारको अपाङ्गताको विषयमा राम्रो ज्ञान नभएको अनुभवहरू सहभागीहरूले अध्ययनको क्रममा व्यक्त गरेका छन्। उदाहरणको लागि स्थानीय तहमा सुस्त श्रवण भएका व्यक्तिले अपाङ्गता परिचयपत्र लिनको लागि जाने बेलामा "तिमीले त सांकेतिक भाषा जान्नु पर्ने, जानेको हुनुपर्ने, सांकेतिक भाषा किन नसिकेको?" जस्ता प्रश्न र सल्लाह दिने गरेको पाईन्छ। जबकी सांकेतिक भाषा भनेको पुरै नसुन्ने व्यक्तिको लागि मात्र जरूरी हो र सुस्त श्रवण व्यक्तिलाई यो जरूरी नहुन पनि सक्छ। अपाङ्गता पहिचान तथा परिचयपत्र वितरण गर्न गठन गरिएको समितिमा रहेका सदस्यहरु विज्ञताको आधारमा भन्दा राजनीतिक आवद्धताको आधारमा समितिका सदस्य भएको कारणले यस्तो समस्या आएको विचार समेत छलफलमा सहभागी भएका सहभागीहरूको रहेको छ।

**अपाङ्गता परिचयपत्र गैर अपाङ्ग व्यक्तिले पाएको अवस्था :-** अपाङ्गता परिचयपत्र वितरण समितिले विभिन्न प्रकारका दबावमा परेर कतिपय अवस्थामा अपाङ्गता नभएक व्यक्तिहरुलाई अपाङ्गता परिचयपत्र दिने गरेको गुनासो पनि अध्ययनका क्रममा पाईएको छ। विशेषगरी विक्रम सम्वत् २०६३ सालबाट निजामती सेवामा अपाङ्गता भएका व्यक्तिको आरक्षण सहित समावेशीकरणको सुरुवात भएपछि निजामती सेवामा अपाङ्गता भएका व्यक्तिको प्रवेश बढेको छ। तर यससँगै अपाङ्गता नभएका व्यक्ति पनि अपाङ्गता परिचयपत्र बनाएर अपाङ्गताको कोटामा निजामती सेवामा प्रवेश गरेको गुनासो निजामती सेवामा नै रहनु भएका सहभागीको बिचबाट आएको छ। सहभागीहरूले पेश गरेको एक तथ्य अनुसार कुनै एक जना व्यक्ति अपाङ्गता भएको व्यक्तिका लागि छुट्याईएको आरक्षण कोटाबाट अधिकृत पदबाट प्रवेश गर्नु भएको थियो। तर पछि अपाङ्गता भएका व्यक्तिहरूले नै उहाँ कस्तो प्रकारको अपाङ्गता भएको व्यक्ति हो त भनेर खोजी गर्दा तत्कालीन अवस्थामा मोटरसाईकल दुर्घटनामा परी हात फ्र्याक्चर भएको तर पछि उपचारबाट ठिक भएको तथ्य खुलेको थियो।

[१०] अभिभावकहरुसंगको कुराकानीमा ब्यक्त गरिएका बिचारहरुका आधारमा लेखिएको ।

**अपाङ्गता भएका व्यक्तिका अधिकार तथा सेवासुविधाका बारेमा कम जानकारी :-** स्थानीय तहमा अपाङ्गता परिचयपत्र वितरण समितिमा परिचयपत्र लिन आउने व्यक्तिहरूको प्राथमिकतामा रातो र निलो परिचयपत्र मात्र पर्ने र उनीहरूले सकेसम्म अरू खालका परिचयपत्र लिन नमान्ने गरेको कारण पनि समस्या आउने गरेको देखिन्छ। रातो र निलो परिचयपत्र बाहकले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने र पहेंलो र सेतो परिचयपत्र बाहकले सामाजिक सुरक्षा भत्ता नपाउने भएका कारण हरेकले सकेसम्म रातो वा निलो परिचयपत्र दिन दवाव दिने गरेका छन्। सामाजिक सुरक्षा भत्ता नपाएपनि अरू धेरै सेवा सुविधा र सहुलियतहरू उनीहरूले पनि उपयोग गर्न पाउँछन भन्ने विषयमा स्वयम् व्यक्ति र परिवारलाई जानकारी नभएको कारणले पनि यो अवस्था आएको कतिपय सहभागीहरूको विचार छ। कतिपय अवस्थामा त एकै परिवारका एक भन्दा बढी व्यक्तिहरूमा अपाङ्गता  भए पनि स्थानीय तहमा परिचयपत्रको लागि नगएको जानकारी पनि छलफलको क्रममा सहभागीहरूले दिए।

### ४.२ विद्यमान अपाङ्गता पहिचान तथा वर्गीकरण सम्वन्धी मापदण्डको अवस्था

**चिकित्सकीय विधि मात्रैको प्रयोग अपर्याप्त :-** विद्यमान अपाङ्गता पहिचान तथा वर्गीकरण सम्वन्धी मापदण्डका आधारहरु र स्थानीय तहमा गठन भएको अपाङ्गता परिचयपत्र वितरण समितिले अस्पतालले दिएको सिफारिसलाई मात्र प्राथमिकतामा राखेको छ। यस क्रममा सामान्यतया व्यक्तिले भोग्ने अवरोधहरू र कार्यगत सीमितताहरूलाई आधार मानिएको हुँदैन। जुन विश्व स्वास्थ्य संगठनले अन्तर्राष्ट्रिय रूपमा जारी गरेको अपाङ्गता पहिचान सम्बन्धी मापदण्ड अनुकुल छैन र व्यवहारिक पनि छैन। अपाङ्गता  भएका व्यक्तिको अवस्था सधैंभरि उही भईरहँदैन। शारीरिक अवस्थालाई मात्र हेरेर व्यक्तिको सबै खाले गम्भिरताको अनुमान लगाउन सकिंदैन। त्यसैगरी परिचयपत्र प्राप्त गर्न चाहने व्यक्तिलाई चिकित्सकीय आधारमा मात्रै गाम्भिर्यता हेरिने तर उसको शारीरिक, मानसिक अवस्था र सामाजिक, भौतिक अवरोधको आधारमा उसको अपाङ्गताको गाम्भिर्यताको अवस्था के कति हदसम्म हो भन्ने कुरा नेपालका धेरै अस्पतालले उल्लेख गरेको पाईन्न। हाल अपाङ्गताको अवस्था र गम्भिरता सिफारिस गर्न अस्पतालका स्वास्थ्यकर्मी तथा चिकित्सकले प्रयोग गरेको चिकित्सकीय विधि (Medical Model) पर्याप्त र व्यावहारिक देखिदैन। यो विधि अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी महासन्धि २००६ र अपाङ्गता भएका व्यक्तिको अधिकार ऐन २०७४ को परिभाषासँग पनि मेल खाँदैन।

**अपाङ्गताको गम्भिरताको मापनमा कठिनाईः-** चिकित्सकीय आधारबाट हेर्दा पनि अपाङ्गताको गाम्भिर्यता कति हो भन्ने स्पष्ट उल्लेख गर्ने गरिएको छैन। तुलनात्मक रूपमा सजिलै पहिचान गर्न सकिने शारीरिक अपाङ्गताको हकमा पनि व्यक्तिको अपाङ्गताको विस्तृत अवस्था (जस्तै उपचारबाट ठिक हुने हो कि होइन? दीर्घकालीन हो कि अल्पकालिन हो?) कार्यगत सीमितताको विस्तृत विवरण लगायतका कुराहरू अस्पतालको सिफारिसमा हुँदैन। त्यसैगरी अपाङ्गता पनि एक प्रतिशतदेखि सय प्रतिशत सम्ममा कति प्रतिशत अपाङ्गता भएको हो भन्ने कुरा समेत छुट्याउने व्यवस्था निर्देशिकामा पनि गरिएको छैन र अभ्यासमा पनि गरिएको छैन। यसले गर्दा कतिपय अवस्था एउटै प्रकारको

गम्भिरता भएका फरक फरक व्यक्तिले फरक फरक अपाङ्गता परिचयपत्र प्राप्त गरेका उदाहरण पनि सहभागीहरूले बताए। यस्तै अन्यौलताको कारण अपाङ्गता परिचयपत्र चाहिने कतिपय अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गता परिचयपत्र पाउनबाट बन्चित गराईएको पनि जानकारी पाइएको छ। उदाहरणको लागि एउटा आँखा नभएका व्यक्तिलाई परिचयपत्र वितरणको शुरुवाती चरणमा तत्कालीन सरकारबाट परिचयपत्र दिने गरिएको भएपनि हाल त्यस्ता व्यक्तिलाई परिचयपत्र दिएको छैन। तर, एउटा हात वा खुट्टाको कान्छी औंला र सांहिली औंला मात्रै नभएका वा बुढी औंलाको आधा भाग नहुने व्यक्तिलाई चाहीं अपाङ्गता परिचयपत्र दिईएको उदाहरण छ।

**नयाँ तथा पहिचान नभएका अपाङ्गतालाई पनि समावेश नगरेको :-** हालको परिचयपत्र वितरण निर्देशिकाले पार्किन्सस्, छारेरोग, हात्तिपाईले, अल्बिनो, एडीएचडी (Attention Deficit Hyperactivity Disorder), डिसलेक्सिया (Dyslexia) र डिमेन्सिया (Dementia) डिस्ग्राफिया (Dysgraphia) र अन्य सिकाईसँग सम्बन्धित कठिनाईहरूलाई अपाङ्गता मानेको छैन। हाम्रै छिमेकी मुलुक भारतको अपाङ्गता पहिचान र वर्गीकरणको मापदण्ड हेर्‍यौं भने २७ भन्दा बढी अवस्थालाई अपाङ्गताको अवस्थाको रूपमा परिभाषित गरी वर्गीकरण गरिएको छ भने विकसित मुलुकमा व्यक्तिको कार्यगत सीमितता, दैनिक कृयाकलापमा हुने कठिनाई र अवरोधहरूलाई आधार मानेर गम्भिरताको अवस्थालाई मापन गर्ने गरिएको छ। परिचयपत्र वितरण निर्देशिकामा उल्लेख भएको बाहेकका तर माथि चर्चा गरिएका अन्य अवस्थाका अपाङ्गता भएका व्यक्ति परिचयपत्र माग गर्न आउँदा यी अपाङ्गता हुन की होइनन् भन्ने सम्बन्धमा स्थानीय तहमा रहेका अपाङ्गता परिचयपत्र वितरण समितिका सदस्य सधैं अलमलमा पर्ने गरेको पाईएको छ। एक स्थानीय तहका अपाङ्गता परिचयपत्र वितरण समितिका सदस्य भन्छन्, “यस्ता समस्याले पनि मानिसको दैनिक जीवनमा असहजता निर्माण गराएको छ। यस प्रकारका समस्या भएका व्यक्ति स्थानीय तहमा रहेको अपाङ्गता परिचयपत्र वितरण समितिमा आउने गरेका छन्। तर, निर्देशिकाले बाटो दिएको छैन। “तर कतिपय स्थानीय सरकारले भने माथि उल्लेखित अवस्थालई पनि अपाङ्गताको हैसियतमा राख्नु पर्ने भनेर आफ्नै विवेक प्रयोग गरी अपाङ्गता परिचयपत्र बनाईदिएका छन् भने केही स्थानीय तहले यसप्रकारका अपाङ्गतालाई स्वास्थ्य समस्याको रूपमा मात्र राखेका छन् तर परिचयपत्र दिएका छैनन।

**सबै स्थानीय तहमा दक्ष चिकित्सकको अपर्याप्तता :-** नेपालको स्वास्थ्य क्षेत्रमा नै कतिपय अपाङ्गता पहिचान गर्नको लागि पर्याप्त विज्ञहरु नभएको गुनासो रहेको छ। विशेषगरी पहिचान गर्न वहु विधि, विशेष प्राविधिक क्षमता र विज्ञता चाहिने अवस्थाका अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता पहिचान गर्न अत्यन्तै कठिन भएको पाईएको छ। उदाहरणको लागि नेपालमा सुस्तश्रवण, बहिरा, बौद्धिक अपाङ्गता, अटिजम्, मनोसामाजिक अपाङ्गता र अन्य सिकाई सम्बन्धी अपाङ्गता पहिचान गर्ने विज्ञ व्यक्तिहरूको संख्या असाध्यै न्यून रहेको छ। अझ सांच्चिकै भन्ने हो भने यो किसिमको विज्ञता भएका चिकित्सकहरू संघ र प्रदेश तहका अस्पतालमा मात्रै भएको पाईन्छ। भएका विज्ञ

डाक्टरहरुसँग आमरुपमा निम्न तथा निम्न मध्यम वर्गका व्यक्तिहरुको पहुँच अझै जटिल रहेको छ। जसले गर्दा यस प्रकारका अपाङ्गता भएका व्यक्तिको पहिचान नै पनि हुन गाह्रो भएको छ।

**सामाजिक अवस्थितिको बेवास्ता :-** नेपाल विविधताले भरिएको देश हो। मानिस बसेको ठाउँको भौगोलिक अवस्था, व्यक्तिको आर्थिक अवस्था, लैंगिक पहिचान, भाषाभाषिका, शैक्षिक हैसियत जस्ता कुराले मानिसको जीवनमा उसलाई समाजले हेर्ने दृष्टिकोणमा फरक पर्दछ। तर अपाङ्गता परिचयपत्र वितरण कार्यविधि र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावलीले यस प्रकारका सवाललाई समेट्न सकेको छैन ।

**आर्थिक सहयोगको जरुरत धेरै, सहयोग कम :-** अपाङ्गता भएका व्यक्तिलाई सरकारले दिने सेवा सुविधा तथा सामाजिक सुरक्षा भत्ता लगायत अन्य सेवा सुविधाहरू विपन्न, पूर्ण अशक्त र अति अशक्त वा वास्तविक सिमान्तकृत अपाङ्गता भएका व्यक्ति भन्दा पनि सम्पन्न र सामान्य अपाङ्गता भएका व्यक्तिहरुको पहुँच बढी हुने गरेको अनुभव पनि सहभागीहरूले छलफलको क्रममा साझा गरेका छन्। कतिपय अपाङ्गता भएका व्यक्तिका लागि रातो कार्ड नै चाहिन्छ भनेर स्थानीय परिचयपत्र वितरण समितिमा दवाव आउने गरेको अध्ययनको क्रममा देखिएको छ। तर, सरकारले वर्तमानमा दिने सहायता स्वास्थ्य उपचार खर्च वा अपाङ्गता सम्वन्धी प्रदान गरिने सामाजिक सुरक्षा भत्ताले वर्तमान समयमा एक जना स्पाइनल कर्ड इन्ज्युरी भएका व्यक्तिलाई एक महिनाको लागि डाईपर किन्न पनि पुग्दैन। पूर्ण अशक्त अपाङ्गता वा अति अशक्त अपाङ्गता भएका व्यक्तिले सहयोगी पनि राख्नु पर्ने हुनसक्छ। यस्तो अवस्थामा सहयोगीको खर्च धान्न सामाजिक सुरक्षा भत्ता पर्याप्त छैन। जसले गर्दा अहिले भईरहेको समाजिक सुरक्षा भत्ता र अन्य सेवा सुविधा व्यक्तिको आवश्यकताको दृष्टिकोणबाट पर्याप्त नभएको पाईएको छ। अपाङ्गता परीक्षण र अपाङ्गता परिचयपत्र प्राप्तिका लागि लाग्ने सबै खर्च सरकारले नै बेहोर्ने कानूनी व्यवस्था अपाङ्गता अधिकार ऐनमा स्पष्ट उल्लेख गरिएको छ, तर यो कार्यान्वयनमा आउन सकेको छैन।

### ४.३ अपाङ्गता भएका व्यक्तिहरुको नीति निर्माण प्रकृयामा नेतृत्व र सहभागिताको अवस्थासँग

**संघीय तथा प्रादेशिक संसदमा सहभागिता :-** अहिले नेपालको केही नीति निर्माण तहमा अपाङ्गता भएका व्यक्तिको उपस्थिति रहेको छ। संघीय तथा प्रादेशिक संसदमा अपाङ्गता भएका व्यक्तिहरुको सहभागिताले अपाङ्गता भएका व्यक्ति पनि नीति निर्माण तहमा पुग्न सक्छन् भन्ने सकारात्मक सन्देश पनि गएको छ। तर, संघीय संसद अन्तर्गत राष्ट्रिय सभामा, प्रदेश सभामा र पालिका तहको नेतृत्वमा अपाङ्गता भएका व्यक्तिको सहभागिता अत्यन्तै कम रहेको छ। साथै अपाङ्गता भएका व्यक्तिको अर्थपूर्ण सहभागिताको बारेमा छलफल गर्दा पहिला प्रतिनिधित्व हुनुपर्ने, अनि मात्रै अर्थपूर्ण सहभागिता भए नभएको हेर्नु पर्ने भएको हुँदा वर्तमानमा अपाङ्गता भएका व्यक्तिको नीति निर्माणमा सहभागिताको अवस्था नै चुनौतिपूर्ण देखिएको छ।

**स्थानीय तहको अपाङ्गता परिचयपत्र वितरण समितिमा सहभागिता :-** स्थानीय तहको अपाङ्गता परिचयपत्र वितरण समितिमा भने अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता रहेको छ। संघीयता

लागू भएपछि स्थानीय तहमा गठन भएको परिचयपत्र वितरण समितिमा अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता धेरैजसो नगरपालिकाले गरिरहेका छन्। तर, उक्त समितिमा सहभागी भएका व्यक्तिले सबै प्रकारका अपाङ्गताको विषयमा जानकारी, समभाव राख्छन् कि राख्दैनन् भन्ने प्रश्न भने यथावत छ। विशेषगरी न्यून प्रतिनिधित्व भएका वा हुने गरेका अपाङ्गता समूह (कान कम सुन्ने, अटिजम्, बौद्धिक अपाङ्गता जस्ता अपाङ्गता) व्यक्तिको सहभागिता सहयोगीसहितको निर्णय प्रकृया र दोभाषे सहयोगीको अभावले गर्दा परिचयपत्र वितरण लगायत अन्य कार्यमा सहभागितामा धेरै ठाउँमा समस्या हुने गरेको पाईएको छ।

**स्थानीय तहका अन्य नीति निर्माण तहमा प्रतिनिधित्व कम :-** स्थानीय तहका अन्य नीति निर्माण तहमा भने अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता न्यून रहेको छ। स्थानीय तहको नेतृत्वमा अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता कति छ भन्ने विषयमा हामीले कतै कुनै तथ्यांक प्राप्त गर्न सकेका छैनौं। तर, हामीले अध्ययन गर्ने क्रममा गरिएको अन्तरवार्तामा धेरै उत्तरदाता र छलफलका सहभागीहरूले स्थानीय तहमा विशेषगरी नीति निर्माण तहमा रहने प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, तथा कार्यपालिकामा अपाङ्गता भएका व्यक्तिको सहभागिता शुन्य बराबर भएको बताएका छन्।

**कर्मचारी प्रशासनतर्फ पनि सहभागिता वृद्धि :-** कर्मचारी प्रशासनतर्फ पनि सहभागिता वृद्धिको क्रम रहेको छ। विशेषतः विक्रम सम्वत् २०६४ मा अपाङ्गता भएका ब्यक्तिहरूका लागि आरक्षण कोटाको आधार निर्माण भएपछि हालसम्मको तथ्याङ्क अनुसार ११६१ जना अपाङ्गता भएका व्यक्तिहरू निजामती कर्मचारीको रुपमा छन्[11]। तर नेपालका सरकारी कार्यालय नै अपाङ्गता भएका व्यक्तिका लागि मैत्रीपूर्ण नभएको कारण कतिपय अवस्थामा काम गर्न कठिनाई भईरहेको गुनासो पनि सँगसँगै आइरहेको छ। त्यसैगरी, निजामती कर्मचारीमा अपाङ्गता भएका व्यक्तिहरुका लागि छुट्ट्याइएको आरक्षण कोटामा गैर अपाङ्ग व्यक्तिले नियुक्ति लिएको गुनासो पनि प्रशस्तै रहेको छ।

**अर्थपूर्ण सहभागितामा भौतिक संरचनाका साथसाथै व्यवस्थापन पक्ष, भाषा, भौगोलिक विविधता, आर्थिक विपन्नता, लैंगिक विभेद जस्ता पक्ष बाधक :-** आमरुपमा समाज र सबै (भौतिक, सञ्चार, नीतिगत र धारणागत) वातावरण नै अपाङ्गतामैत्री नभईदिंदा अपाङ्गता भएका व्यक्तिको अर्थपूर्ण सहभागिता हुन नसकेको देखिन्छ। नीतिगत सचेतना, अपाङ्गताको अवधारणागत र संस्थागत बुझाई नहुँदा नीति निर्माण र कार्यसम्पादनमा अर्थपूर्ण सहभागितामा कठिनाई सामना गर्न परिरहेको छ। तर छलफलको क्रममा सहभागीहरूले अपाङ्गता भएका व्यक्तिहरू सांसद तथा कर्मचारीको रुपमा प्रवेश भएपछि भने आफ्नो कार्यक्षेत्रलाई अपाङ्गतामैत्री बनाउन पहल गरेको सकारात्मक पक्षहरूलाई पनि साझा गरेका थिए। भौतिक संरचनाले अपाङ्गता भएका व्यक्तिको भौतिक सहभागितालाई त सुनिश्चित गर्दछ तर, अपाङ्गता भएका व्यक्तिको आर्थिक हैसियत, लैङ्गिक हैसियत, भाषामा भएको कठिनाई,

[११] संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराएको तथ्याङ्कको आधारमा उल्लेख गरिएको ।

विभिन्न मातृभाषा बोल्ने समुदायको लागि र सुस्तश्रवण भएका व्यक्तिका लागि क्याप्सनिङको व्यवस्था तथा बहिरा व्यक्तिका लागि सांकेतिक भाषाको व्यवस्था नहुँदाका अवरोध र कठिनाईहरूलाई पनि सँगसँगै सम्वोधन गर्नुपर्ने सहभागीहरूको साझा सुझाव छ। एक बहिरा सहभागीले छलफलको क्रममा बताए बमोजिम "सांकेतिक भाषाको दोभाषे नहुँदा र कुनै कार्यक्रममा आफ्ना कुराहरू राख्ने अवसर नपाउँदा आफूलाई कतै प्रदर्शन गर्नको लागि वस्तुको रुपमा अयोजकले प्रयोग गरेका त हैनन् ? भन्ने जस्तो लाग्छ"

## ४.४ सुझावहरू तथा निश्कर्ष

### ४.४.१. अपाङ्गता भएका व्यक्तिको पहिचान तथा वर्गीकरणका आधार र राज्यले गर्नु पर्ने कार्यका सम्वन्धमा सुझावहरू:

यस खण्डमा उपलव्ध सम्पूर्ण सूचना साहित्य अध्ययन समस्या पहिचानका आधारमा सुझावहरू प्रस्तुत गरिएको छ। मुख्यगरी अपाङ्गता पहिचान तथा वर्गीकरण सम्वन्धी मापदण्डका आधारहरु र अपाङ्गता पहिचान सम्वन्धी मापदण्ड, परिचय-पत्र वितरण र यसको प्रभावकारी कार्यान्वयनका लागि सरकारले अवलम्वन गर्नुपर्ने उपायहरुलाई सुझाईएको छ। साथै अपाङ्गता भएका व्यक्तिको समावेशी सिद्धान्तका आधारमा सहभागिता र राजनीतिक प्रतिनिधित्व बृद्धिका लागि गर्नुपर्ने कार्यहरु र राज्यको भूमिकालाई केन्द्रविन्दुमा राखी सुझाव प्रदान गरिएको छ।

### ४.४.१. (क) अपाङ्गता भएका व्यक्तिको ब्यवहारिकरुपमा पहिचान तथा वर्गीकरणका मापदण्डका आधारहरु:

**विद्यमान अपाङ्गताको वर्गीकरणको आधार र मापदण्डलाई पुनरावलोकन गर्नुपर्ने :-** विद्यमान अपाङ्गताको परिभाषा र वर्गीकरण परम्परागत र पुरातन अवधारणामा आधारित भएको हुँदा यसलाई परिस्कृत गरी समयानुकुल र अन्तर्राष्ट्रिय नविनतम मान्यता र मापदण्ड् अनुकुल बनाउन अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन २०७४ मा भएको परिभाषा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी महासन्धि २००६ अनुकुलन हुनेगरी बनाउने प्रयास गरेको देखिन्छ। तर महासन्धी पश्चात निर्माण भएको ऐनमा उल्लेख गरिएको अपाङ्गताको परिभाषा, वर्गीकरण नै चिकित्सकिय अवधारणामा बनेको हुँदा अपाङ्गता पहिचानमा नै समस्या रहेको छ। यो अवस्थाले अपाङ्गताको पहिचानमा नै बाधा पुऱ्याएको र खाईपाई आएको सेवा सुविधाबाट बञ्चित भएको भनि ऐन कार्यान्वयन गर्न बनेको विभेदकारी नियमावली संशोधन वा पुनर्लेखन गर्नुपर्ने मागसहित सम्मानित सर्वोच्च आदालतमा परेको[12] रिट निवेदन विचाराधिन अवस्थामा रहेको छ। अत: संविधानको मौलिक हक कार्यान्यवन गर्न बनेको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन २०७४ र ऐन कार्यान्वयन गर्न तर्जुमा भएको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी नियमावली २०७७ संविधान र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी २००६

[12] नेपाल सरकार विरुद्ध जुरी नेपाल, २०७७-WC-0108 (नेपाल सर्वोच्च अदालत, २०७७(

अनुकुल हुनेगरी अपाङ्गताको परिभाषा, पहिचान र वर्गीकरणका मापदण्डहरु परिवर्तन गर्नेगरी पुनर्लेखन गर्नु जरूरी छ।

**नयाँ प्रकारका अपाङ्गता भएका व्यक्तिलाई पनि समावेश गरिनु पर्ने :-** वर्तमान अपाङ्गता पहिचान तथा परिचयपत्र वितरण निर्देशिकाले शारीरिक अंग प्रणालीको आधारमा १० प्रकार, गम्भिरताको आधारमा चार प्रकारका अपाङ्गताको वर्गीकरण गरेको छ। अपाङ्गता भनेको विभिन्न अवरोधको कारणले उत्पन्न हुने एक अवस्था हो त्यसैले कसैले पनि यो नै स्थायी अवस्था हो भनेर भन्न सक्ने अवस्था रहदैन। ऐन नियमावलीमा भएको व्यवस्था भनेको स्थायी व्यस्था पनि होइन। यो समय, परिस्थिति र अन्तर्राष्ट्रिय परिवेश, राज्यका नीति अनुसार क्रमश: थप घट हुँदै जाने कुरा हो। विद्यमान अपाङ्गताको परिभाषा र वर्गीकरणले पहिचान हुन नसकेका र हाल अन्तर्राष्ट्रिय प्रचलनमा आएका नयाँ अपाङ्गता जस्तै[13] "पार्किन्सस्, छारेरोग, हात्तिपाईले, अल्विनो, एडीएचडी (Attention Deficit Hyperactivity Disorder), डिसलेक्सिया (Dyslexia) र डिमेन्सिया (Dementia) डिस्ग्राफिया (Dysgraphia), वा सिकाई सम्बन्धी अपाङ्गता" र एउटा मात्रै आँखाले मात्रै देख्ने अवस्था आदिका कारणबाट सृजना हुने अपाङ्गताको अवस्थालाई हालसम्म कुनै पनि कानूनले नसमेटेको हुँदा अपाङ्गताको परिभाषा तथा वर्गीकरणमा थप्नु पर्ने देखिन्छ।

**अपाङ्ता भएका व्यक्तिको पहिचान तथा वर्गीकरणका मापदण्डहरु :-** हाल कार्यान्वयनमा रहेको अपाङ्गता परिचय-पत्र वितरण सम्बन्धी निर्देशिका र मापदण्डहरू अपाङ्गता पहिचानको लागि अस्पष्ट र अपर्याप्त रहेको छ। गम्भिरताका आधारमा चार वटा वर्गमा विभाजन गर्न अपाङ्गता पहिचान गर्न राखिएका सूचक ब्याख्यात्मक ढंगबाट एकै स्थानमा राखिएको हुँदा अपाङ्गता पहिचानमा कठिनाई भएको छ। यस अवस्थाले अपाङ्गताको सही पहिचान हुन नसकेको अवस्था रहेको छ। विद्यमान अपाङ्गता पहिचान तथा वर्गीकरण सम्वन्धी मापदण्ड विश्व स्वास्थ्य संगठनले प्रवर्द्धन गरेका सूचक, [14] **The Washington Group on Disability Statistics (WG), अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी महासन्धी २००६ र** जब व्यक्तिमा विविध कारणले कार्य सीमितता (Functional Limitation) भई दीर्घकालिन अवस्थाको रुपमा रही उसले भौतिक अवरोध (Physical Barriers), सञ्चार जन्य बाधाहरु ( Communication Barrier), संस्थागत अवरोधहरु (Institutional Barriers), धारणागत अवरोध (Attitudinal Barrier) लाई मध्यनजर गरी अपाङ्गताको पहिचान वर्गीकरण मापदण्डहरु तयार गर्नु पर्दछ।

---

[13] Ministry of Law and Justice, Government of India. (2016). *The Rights of Persons with Disabilities Act, 2016* (Act No. 49 of 2016).
https://www.indiacode.nic.in/bitstream/123456789/15939/1/the_rights_of_persons_with_disabilities_act%2C_2016.pdf

[14] Washington Group on Disability Statistics. (n.d.). *Question sets*. https://www.washingtongroup-disability.com/question-sets/

यसरी मापदण्ड तयार गरी सेवा सुविधा प्रदान गर्ने क्रममा उसको आर्थिक, सामाजिक, सांस्कृतिक र अवरोधको प्रतिशतका आधारमा सेवा सुविधा प्रदान गर्नु पर्दछ। यो सानो अध्ययनमा अपाङ्गता पहिचान र वर्गीकरणको सम्पूर्ण मापदण्ड निर्माण गर्न त सकिदैन तर यसलाई नेपाल सरकारले भविष्यमा कार्य गर्नको लागि नेपाल सरकारले आफैंले नै अन्तर्राष्ट्रिय स्तरमा अभ्यासमा आएका प्रयोगहरु जस्तै: व्यक्तिले पूर्णरुपमा समाजमा क्रियाशिल हुन सकेको अस्थालाई १०० प्रतिशत मानी यसका विविध अवरोधका अवस्थाले समाजमा कति प्रतिशत कृयाशिल हुन उसलाई असर वा कठिनाई भएको छ सो कठिनाईको कारणले उसको स्वाबलम्वी जीवन बिताउन के कति कठिनाई हुन्छ भनि नेपाल सकार गृह मन्त्रालय मार्फत सशस्त्र द्वन्द्वमा घाइते भई अपाङ्गता भएका व्यक्तिको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्यविधि पहिलो संशोधन २०७४ को पहिलो संशोधन २०७६ ले अपाङ्गताको गम्भिरताको पहिचान तथा वर्गीकरणको मापदण्डको अभ्यास सफल प्रयोगमा ल्याएको छ[15]। यो अभ्यासलाई अपाङ्गता भएका व्यक्तिहरुको पहिचानको मापदण्डका आधार तयार गर्न प्रयोग गर्न सकिन्छ।

**मेरुदण्ड पक्षघात (Spinal Cord Injury) लाई छुट्टै वर्गको रुपमा पहिचान प्रदान गरिनु पर्ने :-** मेरुदण्ड पक्षघात (Spinal Cord Injury) भएका व्यक्तिहरुमा शारीरिक समस्या भएको देखिन्छ भन्ने आम जनगुनासो छ तर यो सत्य होईन। मानिसमा मेरुदण्ड पक्षघात (Spinal Cord Injury) भए पश्चात बहु प्रकारका समस्या देखिन्छन्। राज्यको पर्याप्त सहयोग बिना व्यक्तिले पुरा जीवन जीउन पनि नसक्ने हुन्छ। यो अवस्थालाई परिवर्तन गर्न उनीहरुलाई धेरै नै सहायता गर्नुपर्ने हुन्छ। त्यसैले सरकारले अविलम्व माथि उल्लिखित विषयलाई अपाङ्गताको प्रकारमा पहिचान अपाङ्गताको परिभाषा वर्गीकरणमा छुट्टै वर्गको रुपमा सम्वोधन गर्ने व्यवस्था गरिनु पर्दछ।

**अपाङ्गता परिचय-पत्रको फाराम अनिवार्य रूपमा भर्नुपर्ने :-** अपाङ्गता भएका व्यक्ति तथा उनका परिवारले अपाङ्गता परिचय-पत्रको लागि आवेदन दिन आउँदा अनिवार्य रुपमा फाराममा भएका प्रश्नहरु भर्नु पर्ने व्यवस्था गर्नु जरुरी छ। यसका लागि सरकारले नागरिकता, राष्ट्रिय परिचय-पत्र जस्तैगरी कुनै कम्प्युटर एप्लिकेशन बनाएर वा अनलाईन फाराम बनाएर व्यक्तिको अपाङ्गताको अवस्था थाहा पाउने गरी फाराम भर्ने व्यवस्था गर्नुपर्छ। जुन फाराममा सोधेका सबै आवश्यक प्रश्नको उत्तर नदिएसम्म फाराम नै भर्ने काम सम्पन्न गर्न (Submit) नमिल्ने व्यवस्था गर्न जरुरी रहेको छ। यस प्रकारका अनलाइन फाराम भर्ने व्यवस्था गर्दा देशैभरिका अपाङ्गता भएका व्यक्तिका तथ्याङ्क पनि सहजरूपमा प्राप्त गर्न सकिने हुँदा नेपाल सरकार र सम्वन्धित सरेकारवालालाई अपाङ्गताको क्षेत्रमा भावी रणनीतिक योजनाहरू तर्जुमा गर्न सहज हुने देखिन्छ।

**अपाङ्गता पहिचान सम्वन्धी सरलिकृत सूचकहरू :-** सेवा सुविधा प्रदान गर्ने प्रयोजनको लागि हाल गम्भिरताको आधारमा पूर्ण अशक्त अपाङ्गता, अति अशक्त अपाङ्गता, मध्यम अपाङ्गता र सामान्य

---

[15] नेपाल सरकार) .२०७६.( सशस्त्र द्वन्द्वमा घाइते भई अपाङ्गता भएका व्यक्तिको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्यविधि पहिलो संशोधन २०७४ को पहिलो संशोधन २०७६. नेपाल सरकार,

अपाङ्गता गरी चार वर्गको अपाङ्गता वर्गीकरणमा राखिएको छ तर यसमा पहिचानका लागि राखिएका सुचक सबै एकै स्थानमा दोहोरो अर्थ लाग्ने खालका भएको हुँदा यसलाई सहज बनाउन गृह मन्त्रालय पञ्जिकरण विभागको समन्वयमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ तथा नियमावली २०७७ मा भएको अपाङ्गताको वर्गीकरण तथा परिचय-पत्र सम्बन्धी व्यवस्था अनुसार पालिका तहमा परिचय-पत्र वितरण प्रयोजनको लागि "अपाङ्गताको पहिचान तथा गम्भिरताको मापनलाइ सहज र सरल बनाउन तयार गरिएका सूचकहरू"16 निर्माण गरी कार्यान्वयनमा पनि आएको छ भने यसको मोवाईल एप्लिकेशन नै भएको हुँदा यसलाई प्रयोग गरी अपाङ्गता पहिचान गर्न सकिन्छ। साथै उल्लिखित सूचकहरूलाई नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट तथ्याङ्क अध्यावधिक गर्न तयार गरी प्रयोगमा ल्याइएको अनलाइन प्ल्याटफर्ममा थप गरी कार्यान्वयन ल्याउनु उपयुक्त हुने देखिन्छ।

### ४.४.१. (ख) अपाङ्गता पहिचान सम्वन्धी मापदण्ड निर्माण, परिचय-पत्र बितरण र यसको प्रभावकारी कार्यान्वयनका लागि सरकारले गर्नुपर्ने कार्यहरु :

**जीविकोपार्जनमा सहयोगः-** अपाङ्गता परिचय-पत्र लिने, नलिने र दुरुपयोग गर्ने तीनै पक्ष धेरैजसो आर्थिक लाभ र सेवा सुविधासँग जोडिएको छ। स्थानीय तहमा अपाङ्गता परिचय-पत्र बनाउन जाने व्यक्तिहरुको अपेक्षा सरकारले दिने भत्तासँग जोडिने हुनाले र धेरैको अपेक्षा पाएसम्म रातो, नभए निलो कार्डको हुन्छ। कतिपय अवस्थामा [17]***"अपाङ्गता भएका व्यक्तिलाई रातो वा निलो कार्ड बनाईदिंदा तपाईको के जान्छ र? जाने त सरकारको हो"*** भनि स्थानीय तहको उच्च नेतृत्वबाट पनि दवाब आउने गरेको पनि अवस्था छ। यस्तो अपेक्षा र दवाब मुख्यगरी मानिसको जीविकाको सवालसँग जोडिएको हुन्छ। बौद्धिक अपाङ्गता, मनोसामाजिक अपाङ्गता, अटिज्म अपाङ्गता र पूर्ण वा अति अश्क्त अपाङ्गता भएका व्यक्तिको हकमा कुरा गर्दा उनीहरूलाई हेरचाह गर्ने व्यक्ति पनि आफूले बाहिरका कमाइ गर्ने अवसर छोडेर परिवारमा रहेका अपाङ्गता भएका व्यक्तिका साथमा रहनुपर्ने अवस्था रहेको हुन्छ। त्यसैले सरकारले अपाङ्गता भएका व्यक्ति वा तिनका निकट सहयोगीको जीविकोपार्जनमा सहयोग गर्न आवश्यक छ। साथै अपाङ्गता भएका व्यक्तिको जीविकोपार्जनका लागि हरेक क्षेत्रमा अनिवार्य अपाङ्गता भएका व्यक्तिका लागि कोटाको व्यवस्था गर्नु जरुरी रहेको छ।

**अति वा पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिलाई घरमा नै अनिवार्य सेवा दिने व्यवस्था गर्नुपर्ने :-** पूर्ण वा अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई उनीहरू बसेकै स्थानमा गएर सेवा दिने, परिचय-पत्र वितरणमा सहजता ल्याउन घुम्ति शिविर सञ्चानल गर्ने व्यवस्था अपाङ्गता भएका व्यक्तिको

---

[16] UNICEF Nepal, Save the Children Nepal, European Union, & UK Aid. (2022). *An innovative model for disability screening and issuing disability ID cards*. https://www.unicef.org/nepal/reports/innovative-model-disability-screening-and-issuing-disability-id-cards

[17] सूचना संकलनका क्रममा आयोजित समुहगत छलफल तथा स्थानीय तहमा रहेको अपाङ्गता समन्वय समितिका पदाधिकारी तथा कर्मचारीसँग भएको कुराकानीको आधारमा उत्तरदाताहरूले आफ्ना व्यक्तिगत अनुभवहरू साझा गरेका थिए ।

अधिकार सम्वन्धी ऐनमा उल्लेख गरिएको छ। तर पनि धेरै स्थानीय तहमा अपाङ्गता भएका व्यक्ति वा उनका प्रतिनिधि स्थानीय तहमा नै जानुपर्ने अवस्था रहेको अध्ययनबाट थाहा भएको छ। यसरी स्थानीय तहले दिने सेवा लिन आउन पनि सहयोगीको आवश्यकता पर्ने हुनाले कतिपय अवस्थामा सहयोगीको अभाव हुने हुनाले अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचय-पत्रको फाराम भर्ने देखि सेवा सुविधा लिन जान असहज भएको पाइएको छ। त्यसैले पूर्ण वा अति अशक्त अपाङ्गता भएका व्यक्तिलाइ उनीहरुको घरमा नै गएर परिचय-पत्र वितरणको सेवा पुऱ्याउनु पर्ने देखिन्छ। ऐनमा नै भएको परिचय-पत्र बितरण सम्वन्धी घुम्ति शिविरको व्यवस्थालाई अनिवार्यरुपमा कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ। यसप्रकारको सेवा केही स्थानीय तहहरुले गरिसकेका छन्। पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिलाई घरमा नै सेवा पुऱ्याउनुको साथै उनीहरूको स्याहार गर्नका लागि सहयोगी सेवा वा तालीम प्राप्त स्वयंसेवकहरु खटाउनु उचित हुने देखिन्छ। यसप्रकारको सेवाको सुरुवात ललितपुर जिल्लाको ललितपुर महानगरपालिकाले यसै आर्थिक वर्षदेखि सुरुवात गरिसकेको छ।18

**अपाङ्गताको गम्भिरताको अवस्था निश्चित समयाधिमा अनिवार्य पुनःमूल्याङ्कन हुनुपर्ने :-** अपाङ्गताको अवस्था, समय, आर्थिक हैसियत, गाउँ र सहरको बसाईका अधारमा फरक पर्छ । साथै विभिन्न थेरापीको माध्यमबाट कतिपय अपाङ्गता भएका व्यक्तिको अवस्थामा सुधार हुँदै जाने र कतिपय अपाङ्गताको अवस्था नियमित सेवा सुविधा थेरापी प्राप्त गरेपनि झन कमजोर भई एउटा बर्गको परिचय-पत्र लिएको ब्यक्ति अर्को बर्गमा पुग्ने सम्भावना हुन्छ। त्यसैले निश्चित समयको अवधिमा अपाङ्गता भएका व्यक्तिको अपाङ्गताको अवस्था पुनःमूल्याङ्कन गर्ने विद्यमान कानूनी व्यवस्थालाई कडाईकासाथ पालना गरी अपाङ्गताको गाम्भिर्यताको अवस्था के छ भनि नियमित पुनरावलोकन गर्नु जरूरी छ। यसप्रकारको व्यवस्था गर्दा अपाङ्गता भएका व्यक्तिलाई निरन्तर सहयोग गर्ने नगर्ने अवस्थाको जानकारी पाईने, अपाङ्गता परिचय-पत्रको सदुपयोग हुने र वास्तविक अपाङ्गता भएका व्यक्तिप्रति न्यायको अवस्था बन्न सक्छ।

**अपाङ्गता परिचय-पत्रको दुरुपयोग रोक्नुपर्ने :-** अपाङ्गताको आरक्षण कोटामा जागिर पाउनका लागि अपाङ्गता नभएका मानिसले अपाङ्गता परिचय-पत्र दुरुपयोग गरेको गुनासो भएको हुँदा अपाङ्गताको आरक्षण कोटामा सरकारी सेवामा कार्यरत व्यक्तिहरूको अपाङ्गताको अवस्थाको विस्तृत विवरण कार्यालयसँग हुनु जरूरी छ। यस बाहेक स्थानीय तहहरुले राजनैतिक दवाव वा अन्य प्रलोभनका आधारमा कुनै अपाङ्गता भएका व्यक्तिलाई परिचय-पत्र दिन नहुने विषयमा कर्मचारीलाई सचेत गराउने र दिइएको पाइएमा कडा कारवाही गर्ने व्यवस्था गर्नुपर्छ। कुनैपनि बेला यसरी छानविन गर्दा अपाङ्गता नभएका व्यक्तिले अपाङ्गता भएको परिचय-पत्र बनाएर दुरुपयोग गरेको पाईएमा सधैंभरिको लागि सार्वजानिक पदमा बस्न अयोग्य घोषणा गर्ने समेतको कानूनी व्यवस्था हुनु जरुरी देखिन्छ।

[१८] उदाहरणको रूपमा हामीले ललितपुर उपमहानगरपालिकालाई लिन सकिन्छ ।

**सचेतना तथा क्षमता विकासमा लगानी गरिनु पर्ने :- समाजमा अपाङ्गता भएका व्यक्तिहरुप्रति रहेको नकारात्मक धाराणामा परिवर्तन ल्याउन देशव्यापी रुपमा अपाङ्गता सम्वन्धी सचेतना कार्यक्रम सञ्चानल** गर्नु पर्दछ। सबै स्थानीय तहमा अपाङ्गताको बुझाई एकै नभएको हुँदा नियमित रुपमा अपाङ्गता पहिचान र वर्गीकरण सम्वन्धी ब्यवहारिक तथा प्राविधिक रुपमा विस्तृत रुपमा क्षमता विकास तालीम सञ्चालन गर्नु पर्दछ।

**४.४.२. अपाङ्गता भएका व्यक्तिको समावेशी सिद्धान्तका आधारमा सहभागिता, राजनीतिक प्रतिनिधित्व र राज्यले गर्नुपर्ने कार्यहरु सम्वन्धमा सुझावहरू**

**४.४.२. (क) अपाङ्गता भएका व्यक्तिको सहभागिता र राजनीतिक प्रतिनिधित्व बृद्धिका लागि गर्नुपर्ने कार्यहरु :**

**राजनीतिक सहभागिताको लागि विभेदकारी कानून परिवर्तन गरी संविधान र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी महासन्धी -२००६ अनुकुलन बनाउनु पर्ने :-**

- प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४ को दफा २८ को उपदफा (५) र दफा ६० को उपदफा (६) प्रयोजनामा राखिएको अनुसुची १ मा (क्रमशः दलित १३.८, आदिवासी जनजाती २८.७, खस आर्य ३१.२, मधेसी १५.३, थारु ६.६, मुस्लिम ४.४) लाई मात्रै समावेश गरी अपाङ्गता भएका व्यक्ति र दुर्गम क्षेत्र छुटाईएकोले नेपालको संविधानको धारा ४२ को उपधारा (१) र (३); धारा ८४ को उपधारा (१) को खण्ड (ख) र उपधारा २ र ३; धारा १७६ को उपधारा १ को खण्ड (क) र (ख), उपधारा ६, ७; प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ को उपदफा ५, ६ र प्रदेश सभा सदस्य निर्वाचन ऐन २०७४ को दफा २८ को उपदफा ५, ६ र (६) अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ को धारा २९ बाझिएको हुँदा उक्त प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४ को दफा २८ को उपदफा (५) र दफा ६० को उपदफा (६) प्रयोजनमा राखिएको अनुसुची १ मा क्रम संख्या ६ पछि अपाङ्गता भएका व्यक्ति र दुर्गम क्षेत्रको समावेशी समानुपातिक निर्वाचनमा जनसंख्याको अनुपातमा अनिवार्य समावेश गर्ने गरी कानूनलाई संशोधन गर्नुपर्ने।
- स्थानीय निर्वाचन ऐन २०७३ को दफा ३, ६(४) मा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व छुट्याइएको हुँदा गाउँ कार्यपालिका गठन गर्दा र निर्वाचनका प्रक्रिया निर्धारण गर्दा अपाङ्गता भएका व्यक्तिको अनिवार्य सहभागिता सुनिश्चित गर्ने गरी अपाङ्गता थप गर्न मन्त्रिपरिषद्बाट अल्पकालिन निर्देशन जारी गरी कानूनमा नै संशोधन गर्नुपर्ने।
- स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा ३८, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४ को दफा ४२, प्रदेश सभा सदस्य निर्वाचन ऐन २०७४ को दफा ४२ मा मतदान प्रक्रियामा सहयोग पुऱ्याउन मतदाताले मतदान अधिकृतलाइ अनुरोध गरेमा परिवारको सदस्य वा मतदाताको इच्छा अनुसार मतदान अधिकृतले मतपत्रमा संकेत गर्न सक्ने भन्ने

व्यवस्थालाई संशोधन गरी मतदान गर्ने व्यक्तिले स्वयं मतदान गर्न नसकेको अवस्थामा निजको इच्छा अनुसार निजले इच्छाएको व्यक्तिबाट मतको संकेत गर्ने व्यवस्था सहितको अनुमति प्रदान गर्ने भन्ने व्यवस्था थप गर्नुपर्ने।

**संवैधानिक तथा अन्य निकायहरुमा अनिवार्य समावेशको व्यवस्था हुनेगरी मापदण्ड निर्माण गर्नु पर्नेः-** अपाङ्गता भएका व्यक्तिहरूको कुनै पनि आयोग वा अन्य निकाय नभएको हुँदा अपाङ्गता भएका ब्यक्तिहरुको यस्ता संरचामा प्रतिनिधित्व हुन सकेको छैन। राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय समावेशी आयोग लगायतका निकायमा हालसम्म पनि अपाङ्गता भएका ब्यक्तिको सहभागिता हुन सकेको छैन। अन्य आयोगमा सहभागिता नभएपनि राष्ट्रिय समावेशी आयोगमा अपाङ्गता भएका व्यक्तिलाई पदाधिकारीमा नियुक्ति गरिनु पर्ने हो तर त्यो पनि हुन नसक्नु दुःखको कुरा हो। त्यसैले हालसम्म सबै आयोगमा कुन कुन वर्ग समुदायबाट प्रतिनिधित्व भयो सो को पुनरावलोकन गरी अपाङ्गता भएका व्यक्ति सहित प्रतिनिधित्व नभएको समुदाय र वर्गबाट आयोगका पदाधिकारीको नियुक्ति गर्नु पर्दछ। [19]

### ४.४.२ (ख) अपाङ्गता भएका व्यक्तिको सहभागिता र राजनीतिक प्रतिनिधित्व वृद्धिका लागि राज्यको भूमिकाः

**अपाङ्गताभित्रका अन्तरवर्गियता (इन्टरसेक्सनलिटि) हेर्नुपर्ने :-** अपाङ्गता भएका व्यक्तिहरूको कानूनी रुपमा राजनीतिक सहभागिताको व्यवस्थाले मात्रै पुग्दैन। अपाङ्गताभित्र आर्थिक, सामाजिक, भौगोलिक विविधता मात्रै नभई अपाङ्गता भित्रकै पनि विविधता रहेको छ। त्यसैले अर्थपूर्ण सहभागितालाई बृद्धि गर्न राज्यले भौतिक संरचनाका साथसाथै व्यवस्थापन पक्ष[20], मातृभाषा, भौगोलिक विविधता, सांस्कृतिक, आर्थिक हैसियत, लैंगिकता जस्ता पक्ष बाधक तत्वहरूका भूमिकालाई ध्यान दिंदै त्यसको खाडललाई कम गर्ने कार्यमा बढी लगानी गर्नुपर्ने आवश्यक छ। अन्य व्यक्ति जस्तैः- अपाङ्गताको क्षेत्रमा पनि व्यक्तिको सामाजिक हैसियत धेरै पक्षसँग जोडिन्छ। लैङ्गिक हैसियतका आधारमा हेर्दा अपाङ्गता भएका पुरूष भन्दा अपाङ्गता भएका महिलाका बाधाहरू धेरै हुन्छन्। जातका आधारमा हेर्ने हो भने अपाङ्गता भएका ब्राम्हण भन्दा अपाङ्गता भएका दलित समुदायका व्यक्तिका बाधा धेरै छन्। त्यसैगरी नेपाली भाषा नै मातृभाषा हुने भन्दा नेपाली भाषा बाहेक अन्य मातृभाषा भएका व्यक्तिका बाधा धेरै हुन्छन्। भूगोलका आधारमा हेर्दा तराई र हिमाली क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरुका आर्थिक सामाजिक अवस्थाका बाधाहरु बढी हुने गरेका छन्। यसप्रकारका विविधतालाई सम्वोधन हुनेगरी अपाङ्गता भित्रका अन्तरवर्गीयता (इन्टरसेक्सनलिटि) लाई ध्यान दिंदै अपाङ्गता पहिचान र सेवा सुविधा वितरण प्रणाली विकास गर्नुपर्ने अवश्यक छ।

---

[19] समुहगत छलफलमा अपाङ्गता भएका व्यक्तिहरुले बताएको कुरा कानीको आधारमा लेखिएको ।

[२०] ब्यवस्थापनको पक्षमा धैरै कुरालाइ समेट्न सकिन्छ । कार्यक्रममा सहभागि बन्दा दोभाषे वा क्याप्सनिंगको ब्यवस्था, कार्यलयमा सहज वातावरणको निर्माण, पूर्ण अपाङ्गता भएका ब्यक्तिको लागि सहयेगीको ब्यवस्थालाई उदाहरणको रूपमा लिन सकिन्छ ।

**अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामग्रीमा भन्सार छुटको व्यवस्था कार्यान्वयन हुनुपर्नेः-** अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामग्रीहरुको भन्सार छुटको व्यवस्था पनि अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐनमा उल्लेख गरिएको छ। तर व्यवहारमा अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने धेरै सामग्रीमा भन्सार छुट पाउन गाह्रो भएको पाइएको छ। त्यस्ता सामग्री (इलेक्ट्रिक ह्विलचियर, हेयर इम्प्लान्ट) को मूल्य पनि धेरै रहने गरेको छ। अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामग्री आधारभूत आवश्यकतामा पर्ने भएको कारण सरकारले सकेसम्म निःशुल्क वितरण वा नभए भन्सार छुटको व्यवस्थालाई प्रभावकारी रूपमा लागू गरिदिनु आवश्यक देखिन्छ।

**अपाङ्गता भएका व्यक्तिका अधिकारका बारेमा जानकारी दिनुपर्ने :-** अपाङ्गता भएका व्यक्तिहरुले प्राप्त गर्ने सेवा सुविधालाई मसिनो गरी केलाएर हेर्दा हाल नेपाल सरकारले प्रदान गर्ने सेवा सुविधामा सामाजिक सुरक्षा भत्ता भन्दा पनि अन्य सेवा सुविधा बढी रहेको छ। तर पनि स्थानीय तहको परिचयपत्र वितरण समितिमा मापदण्ड अनुसार रातो वा निलो परिचयपत्र लिन नमिल्ने भएपनि सोही परिचयपत्र मात्रै लिन चाहने, पहेंलो र सेतो परिचयपत्र लिन नचाहने, आफूले भनेजस्तो परिचयपत्र भएन भने दिएको परिचयपत्र पालिका कार्यालयमा नै च्यातेर फालिदिने गरेको पाइयो। जसका कारण मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिको संख्या कति छ भन्ने पनि स्थानीय तहलाई जानकारी छैन। नियम कानून बमोजिमको परिचयपत्र भन्दा आफूले खोजे बमोजिमका अपाङ्गता परिचयपत्र लिन चाहनुको पछाडिको प्रमुख कारणमा अपाङ्गता भएका व्यक्तिलाई सरकारले के कस्ता सेवा सुविधा प्रदान गरेको छ, परिचयपत्र प्राप्त गरिसकेपछि कसले के कस्तो सुविधा प्राप्त गर्न सक्छन् भन्ने कुराको राम्रो जानकारीको अभाव रहेको पाइएको छ। यो विषयमा अपाङ्गता भएका व्यक्तिका अधिकार र सेवा सुविधाका बारेमा बडापत्रमा वा अपाङ्गता सम्वन्धी फाराममा स्पष्ट बुझिनेगरी उल्लेख गरिनु पर्ने र अन्य सचेतना र जानकारीमूलक कार्यक्रम सञ्चालन गर्नु जरुरी देखिन्छ।

**पहुँचयुक्त भौतिक संरचना निर्माणमा जोड दिनुपर्ने :-** समाजमा रहेका भौतिक संरचना अपाङ्गतामैत्री नभईदिंदा अपाङ्गता भएका व्यक्तिको अर्थपूर्ण सहभागिता हुन नसकेको गुनासो धेरै सहभागीहरूबाट आएको छ। त्यसैगरी भौतिक संरचना अपाङ्तामैत्री नहुँदा नीति निर्माण र कार्यसम्पादनमा अर्थपूर्ण सहभागिता हुन कठिनाई सामना गर्न परिरहेको छ। भौतिक संरचनाले अपाङ्गता भएका व्यक्तिको भौतिक सहभागितालाई सुनिश्चित गर्दछ। त्यसैले नेपाल सरकारले अब बन्ने भौतिक संरचना अनिवार्य रूपमा अपाङ्गतामैत्री हुनुपर्ने र अपाङ्गतामैत्री नभएका कुनै पनि भौतिक संरचनाका नक्शा पास नगर्ने नीति बनाउनु जरूरी छ। बनेका नीतिहरू कठोरताका साथ कार्यान्वयन गराउनु जरूरी छ।

## ४.३. निश्कर्ष

नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, पहिचान, वर्गीकरण तथा समावेशी सहभागिता सम्बन्धी मुद्दाहरू गम्भिर सामाजिक र नीतिगत सरोकारका विषयहरू हुन्। यद्यपि नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ र त्यसअनुसारका नियमावलीले अपाङ्गता भएका व्यक्तिहरूको हक-अधिकारलाई कानूनी मान्यता दिएका छन्, व्यवहारिक कार्यान्वयन र प्रभावकारी पहुँचका दृष्टिले अझै धेरै काम गर्न बाँकी छ।

अपाङ्गताको परिभाषा तथा वर्गीकरण अहिले पनि चिकित्सकीय दृष्टिकोणमा आधारित हुँदा व्यवहारमा पहिचान गर्ने मापदण्ड अस्पष्ट, पुरातन र सीमित छन्। यसले सेवा-सुविधाबाट वास्तविक लाभग्राहीहरू बञ्चित हुने अवस्था सिर्जना गरिरहेको छ। साथै, नयाँ प्रकारका अपाङ्गता (जस्तै, ADHD, Dyslexia, Dementia आदि) लाई समेट्न नसक्नु कानूनी समावेशीकरणको ठूलो कमजोरी हो। यस सन्दर्भमा, विश्व स्वास्थ्य संगठन र The Washington Group on Disability Statistics द्वारा प्रवर्द्धन गरिएका अन्तर्राष्ट्रिय मापदण्ड अनुकुल बनाउन अविलम्ब अपाङ्गता पहिचान तथा वर्गीकरणका मापदण्ड तयार गर्नु पर्दछ।

राज्यले अपाङ्गता भएका व्यक्तिको सशक्तीकरणका लागि केवल सेवा सुविधा मात्र होइन, सामाजिक न्याय, समावेशी राजनीतिक सहभागिता र भौतिक पहुँचका क्षेत्रमा समेत ध्यान दिनुपर्छ। प्रतिनिधित्वको दृष्टिले हालको निर्वाचन प्रणाली अपाङ्गता भएका व्यक्तिहरूप्रति विभेदकारी मात्र होईन कि नेपालको संविधान र अन्तर्राष्ट्रिय महासन्धिसँग बाझिएको छ। विद्यमान निर्वाचन सम्बन्धी कानूनहरूलाई संविधानसँग नबाझिनेगरी पुनर्लेखन गरी जनसंख्याको आधारमा अपाङ्गता भएका व्यक्तिको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्न आवश्यक छ।

यसका साथै, अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने सहायक सामग्रीमा कर छुटको व्यवस्था व्यवहारमा प्रभावककारी कार्यान्वयन हुन सकेको छैन। सचेतना अभावले सेवा सुविधामा र परिचय-पत्र वितरण प्रकृया र सेवा सुविधामा व्यापक दुरुपयोग छ जसलाई हटाउन कानूनलाई कडाईकासाथ कार्यान्वयन गर्न अनुगमन संयन्त्र नै बनाउनु पर्ने देखिन्छ। अपाङ्गता परिचय-पत्र वितरण प्रक्रियाको जटिलताले नीति र व्यवहारबिचको अन्तर स्पष्ट देखिन्छ। त्यसैले, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, सेवा, सुविधा र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि नीति निर्माण, कानूनी संशोधन, भौतिक संरचनाको सुधार र सामाजिक दृष्टिकोणमा व्यापक परिवर्तन गर्न राज्यले थप लगानी गर्न आवश्यक छ।

अपाङ्गता भएका व्यक्तिहरुमा सबैभन्दा संवेदनशील अति वा पूर्ण अशक्त अपाङ्ता भएका व्यक्तिहरु एक मानवको रुपमा बाँच्न नपाएको अवस्था भएकोले उनीहरुको हकमा राज्यबाट सहयोगी सेवाको अनिबार्य ब्यवस्था गर्नु पर्ने देखिन्छ।

नेपाल सरकारले अपाङ्गता सम्बन्धी सम्पूर्ण विषयलाई मानवअधिकारको दृष्टिले मूल्याङ्कन गर्दै, समावेशी, सहभागी र अधिकारमैत्री राज्य निर्माणतर्फ ठोस र प्रभावकारी कदम चाल्नु आजको आवश्यकता हो।

अध्ययन गरिएका सन्दर्भ सामाग्रीहरु

नेपाल सरकार,) २०७२(, नेपालको संविधान २०७२, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानून किताब ब्यवस्था समिति, सिंहदरबार, काठमाडौं।

नेपाल सरकार, )२०७४(, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४, सिंहदरबार, काठमाडौं।

नेपाल सरकार,) २०७७(, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७, सिंहदरबार, काठमाडौं।

नेपाल सरकार,) २०६५(, अपाङ्गता परिचयपत्र वितरण कार्यविधि, सिंहदरबार, काठमाडौं।

तथ्यांक विभाग,) २०७८(, राष्ट्रिय जनगणना २०७२, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री ५ को सरकार,) २०३९(, अपाङ्गता संरक्षण र कल्याण ऐन, २०३९, सिंहदरबार, काठमाडौं।

संयुक्त राष्ट्र संघ,) २००६(, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि) **CRPD-2006),** आर्थिक तथा सामाजिक मामिला विभाग।